जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ११ अंक ३९, २०७९ साल चैत २४ गते शुक्रबार, नेपाल संवत् ११४३ (April. 7, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## विश्वका सर्वाधिक धनी बर्नार्ड अर्नाल्ट



काठमाडौं । विश्वका सर्वाधिक धनाढ्यहरूको सूची फोर्ब्सले सार्वजनिक गरेको छ। फोर्ब्सले सार्वजनिक गरेको सूची अनुसार विश्वका सर्वाधिक धनी व्यक्तिमा फ्रान्सका बर्नार्ड अर्नाल्ट रहेका छन् । उनको सम्पत्ति २११ बिलियन डलर छ । त्यसैगरी १८० बिलियन डलरका साथ अमेरिकाका एलन मस्क दोस्रोमा छन् । तेस्रोमा अमेरिकाका जेफ बेजोस छन् ।

नेपालका एक मात्र डलर अरबपति विनोद चौधरी दुई बाँकी ८ पेजमा

## नक्कली परीक्षार्थीको बिगबिगी

काठमाडौं । मोरङको ग्रामथानमा एउटै परीक्षा केन्द्रबाट एसईईका ५२ जना नक्कली परीक्षार्थी पक्राउ परेका छन्। विहीबार बिहान जिल्लाको ग्रामथान गाउँपालिका-२ झोराहाटस्थित सरस्वती नमुना माविको परीक्षा केन्द्रबाट सामाजिक विषयको परीक्षा दिदै गरेका ५२ जना नक्कली परीक्षार्थी पक्राउ परेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता डिएसपी रन्जन कुमार दाहालले जानकारी दिए ।

नक्कली परीक्षार्थी खुल्लातर्फका परीक्षा दिने रहेको परीक्षा केन्द्रअध्यक्ष तथा सरस्वती नमुना माविका प्रधानध्यापक अशोक लुईटेलले बताए। सरस्वती बाँकी ८ पेजमा

# राजनीतिक दाउपेचमै बित्यो सरकारको मधुमास

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहालले सत्ताको नेतृत्व सम्हालेको सय दिन बितेको छ । मधुमास मानिने सुरुआती सय दिनमा प्रचण्ड सरकारले भन्न र सम्झन लायक केही काम गरेको छैन । भनिन्छ बिहानीले दिनको संकेत गर्छ । यदि यस भनाइलाई मान्ने हो भने आम नेपालीका लागि आगामी दिनहरू पनि सुखद पक्कै हुने छैनन् । सरकार सधैं सत्ता सहयात्री दलहरूको फेरबदलको दाउपेचमा अलमलिँदा मुलुक र जनसमुन्नतिका मुद्दाहरूको सम्बोधन हुन सकेको छैन । सरकारले दोस्रो पटक विश्वासको मत पाएको दुई साता बितिसक्दा पनि मन्त्रिपरिषद्ले अझै पूर्णता पाउन सकेको छैन । एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएपछि १६ वटा मन्त्रालय सम्हालेका प्रधानमन्त्री दाहालले सत्तालाई देश र समाज परिवर्तनको साधन होइन, केवल राजनीतिक आकांक्षाको प्राप्ति र उत्सवको थलो मात्र बनेको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

पद्मभूषण सम्मानबाट विभूषित भारतीय हास्यकवि सुरेन्द्र शर्मा लेख्छन्– युद्ध पाण्डवले जितुन् कि कौरवले केही फरक पर्दैन जनतालाई, किनकि उनीहरू त द्रौपदी हुन् । पाण्डवले जिते उनीहरू जुवाको खालमा थपिन्छन् र कौरवले जिते हरण हुन्छ उनको चिर । राजा राम बनुन् कि रावण केही फरक पर्दैन, जनतालाई किनकि उनीहरू त सीता हुन् । राजा राम बनेका उनको अग्निदहन हुन्छ र राजा रावण बनेका हुन्छ उनको अपहरण । विजयी हिन्दु बनुन् कि मुसलमान, केही फरक पर्दैन किनकि उनीहरू त शव मात्र हुन् । हिन्दु विजयी बनेका उनीहरू चितामा जलाइन्छन् र मुसलमानले जितेमा दफना हुन्छन्, कव्रस्तानमा । नेपाली जनताको अवस्था ठ्याक्कै यस्तै छ अहिले । यसपटक देशले सम्झने गरी काम गर्छु भनेका प्रधानमन्त्री प्रचण्डले मुलुकको समुन्नति, सुशासन एवं सार्वजनिक सेवाप्रवाह र कुटनीतिक जस्ता कुनै पनि मामिलामा उत्तीर्ण हुने संकेत देखाएका छैनन् ।



यसपटक भाषण कम गर्छु भनेका प्रधानमन्त्री प्रचण्ड हरेक दिन भाषण गर्नकै लागि दुई तीनवटा कार्यक्रम भ्याइरहेका छन् । उनी त्यस्ता कार्यक्रममा समय खेर फालिरहेका छन् जहाँ स्वयं मुलुकको कार्यकारी प्रमुख गइरहन आवश्यक नै छैन । कराँतेको प्रशिक्षण कार्यक्रम उद्घाटनदेखि विद्यालयको वार्षिकोत्सव, नयाँ भवन उद्घाटन र दौड प्रतियोगिताका विजयीहरूलाई पुरस्कार दिने जस्ता कार्यक्रमहरूमा सहभागी भइरहेका छन् प्रधानमन्त्री । यसले प्रस्ट पार्छ प्रधानमन्त्रीसँग अत्यावश्यक कार्यसूचीको अभाव छ र उनी प्राथमिकताको अलमलमा छन् । अहिलेको समय सस्तो लोकप्रियताका लागि खर्चिने समय होइन । यतिबेला मुलुकमा प्रभावकारी मन्त्रिपरिषद्को आवश्यकता छ । नेपाली समाज भयमुक्त परिस्थिति र मनोदशाबाट गुज्रिरहेको छ । आन्तरिक अर्थतन्त्रका सूचकांकहरू लयहीन छन् । बजार अनियन्त्रित छ । खाद्यान्न लगायत दैनिक उपभोग्य वस्तुहरूको मूल्य अकासिएको छ जसको मार मध्यम र निम्नस्तरीय नागरिकहरूले भोगिरहेका छन् । विश्व आर्थिक मन्दीका बाछिटाहरूले रुझाइरहेको छ । यी सबै स्थितिहरूसँग जुध्न सरकार सुझबुझ, दृष्टि र लक्ष्यका साथ अघि बढ्न सकेको छैन ।

अर्थतन्त्रदेखि सुशासन सबै भ्वाङ परेका छन् । चालु आवको आठ महिनामा व्यापारघाटा ९ खर्ब पुगिसकेको छ । आर्थिक वर्ष २०७८।७९ मा व्यापारघाटा १९ खर्ब रूपैयाँ बराबरको भइसकेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकअनुसार करिब २० खर्ब ८ अर्ब विदेशी ऋण पुगेको छ । हरेक नेपाली जन्मिँदै ७० हजार ऋणभार बोक्न विवश छन् । देशभित्र रोजगारीका अवसरहरू नभएका कारण दिनहुँ दुई हजारदेखि पच्चीस सय युवा शक्ति विदेश पलायन भइरहेको छ । तिनै युवाशक्तिको श्रमले भित्रिएको रेमिट्यान्सले देशको अर्थतन्त्र येनकेन धानिरहेको अवस्था छ ।

१९ खर्ब २० अर्ब ४४ करोड रूपैयाँ बराबरको वस्तु आयात हुँदा २ खर्ब रूपैयाँ बराबरको मात्र वस्तु निर्यात हुनुले बढ्दो परनिर्भरतालाई प्रस्ट पार्छ । कृषिप्रधान देश कृषिमा आधारित अर्थतन्त्र भनिए पनि खाद्यान्न, तेलहन, दाल, गेडागुडीदेखि तरकारी र फलफूलमा समेत बर्सेनि परनिर्भरता बढोत्तरी भइरहेको छ ।

चीनबाट गुन्द्रुक र भारतबाट जनै आयात हुनुले देशको उत्पादनशीलताकै खिल्ली उडाइरहेको छ । बैंक एवं वित्तीय संस्थाहरूको चर्को ब्याजले उद्योगहरू रुग्ण अवस्थामा पुगेका छन् । गौरवका आयोजनाहरू अघि बढ्न सकिरहेका छैनन् । भ्रष्ट र बिचौलियाहरूको जताततै बिगबिगी छ । राजस्वले चालु खर्च धान्न नै सकस भइरहेको अवस्थामा अर्थतन्त्रलाई लयमा बाँकी ८ पेजमा

## सिक्टा भ्रष्टाचार : सर्वोच्चमा अख्तियार

काठमाडौं । भ्रष्ट ठेकेदार विक्रम पाण्डेलाई सिक्टा सिंचाइ आयोजनामा विशेष अदालतले दिएको सफाइविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतको ढोका ढकढक्याएको छ । कालिका कन्स्ट्रक्सन कम्पनीका प्रमुख समेत रहेका राप्रपा उपाध्यक्ष एवं पूर्वमन्त्री पाण्डेसहित २१ जनलाई विशेष अदालतले 'घुलनशील माटो' दोषी देखाएर सफाइ दिएको थियो । विशेष अदालतको यस्तो फैसलाविरुद्ध अख्तियारले सर्वोच्चमा पुनरावेदन गरेको हो । विक्रम पाण्डे प्रतिनिधिसभा सदस्य समेत हुन् ।

नहर निर्माणमा प्रयोग हुने माटोको गुणस्तर परीक्षण र विस्तृत आयोजना प्रतिवेदन बिनै ठेक्का सम्झौताका कागजातमा बदनियतपूर्ण रूपमा अस्पष्ट र अपूर्ण प्रावधानबाट डिजाइन बनाइ भ्रष्टाचार गरेको कसुरमा २०७५ मंसिर २१ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आरोपित विरुद्ध ८ अर्ब ५९ करोड ८८ लाख ३१ हजार बिगो त्यति नै जरिवाना र कैद सजाय माग दाबीसहित विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यसको करिब साढे बाँकी ८ पेजमा

## फैलँदै ओमिक्रोन, सचेतता शून्य

काठमाडौं । नेपालमा ओमिक्रोनको नयाँ भेरिएन्ट एक्सबीबी १.१६ पुष्टि भएसँगै फेरि कोरोनाले भयावह रूप लिन सक्ने आशंका गर्न थालिएको छ । तर यसबारे जनतामा सचेतता शून्य छ । जनतामा सचेतता नभएको मात्र होइन सरकारले पनि जनतालाई सचेत गराउने खालका कुनै पनि सन्देश हालसम्म प्रवाह गरेको पाइँदैन । कोरोना संसारमा पछिल्लो समयमा फैलिएको सबैभन्दा डरलाग्दो महामारी हो । केही दिनयता नेपालसँग खुला सिमाना रहेको भारतमा पनि कोभिड १९ को नयाँ भेरिएन्ट ओमिक्रोन एक्स बीबी १.१६ फैलिरहेको त्यहाँका सञ्चार माध्यमहरूले जनाएका छन् । अहिलेसम्म दुई दर्जन मुलुकमा यो भेरिएन्ट फैलिसकेको छ । डब्लुएओका अनुसार ओमिक्रोनको ६०० भन्दा बढी सबभेरिएन्ट पहिचान भएको छ । एक्सबीबी १.१६ तीमध्येको एक हो ।




एकताका संसारमा प्लेग बिफरजस्ता महामारी फैलिएका थिए र ती महामारीबाट धेरै मानिसको ज्यान गएको थियो । हाल यस्ता रोगहरू उन्मूलन भएका छन् तर विज्ञहरूको रायमा कुनै पनि महामारी एकपटक देखा परेपछि जत्ति नै त्यसलाई उन्मूलन गरियो भने पनि त्यो उन्मूलन भएको हुँदैन, नियन्त्रण मात्र भएको हुन्छ । अठारौं शताब्दीमा फैलिएर उन्मूलन भयो भनिएको प्लेग पुन: २१ औं शताब्दीमा केही देशमा फाट्टफुट्ट देखिएको थियो । अहिले फेरि अष्ट्रेलियामा प्लेगका लक्षणहरू देखापरेको भनेर सतर्कता अपनाउन भनिएको छ । त्यसरी हेर्दा यस्ता ठुला प्रकृतिका महामारीहरू निर्मूल भए भनिए तापनि ती खरानीमुनि छोपिएको आगो जसरी रहिरहन्छन् भन्ने देखिन आउँछ ।

कोरोना यस्तै एउटा महामारी हो जो चीनमा अचानक देखा परेको थियो र विश्वव्यापी बन्न पुग्यो । सावधानी अपनाएको र लापर्बाही गरेको आधारमा कोरोनाले कतिपय मुलुकहरूमा बढी र कतिपयमा कम जनको क्षति भयो । इटाली, ब्राजिल, संयुक्त राज्य अमेरिका, भारत लगायतका देशहरूमा ठूलो संख्यामा मानिसहरू कोरोना संक्रमणको सिकार भए । तुलनात्मक रूपमा नेपालमा कोरोनाले कमि क्षति पुऱ्याएको मानिन्छ । सरकारले सुझाएको सुरक्षा मापदण्ड नागरिकले पालना गरेका कारण अन्य मुलुकहरूमा जस्तो मानवीय क्षति नेपालले व्यहोर्नु परेन ।

विभिन्न लहरमा आएको कोरोनाको अनेक भेरिएन्टले विश्वमा ठूलो क्षति पुऱ्यायो । नेपाल पनि त्यसको अपवाद भने रहेन । तर कहालिलाग्दो तवरमा मानिसहरूको मृत्यु जसरी कोरोनाका कारणले छिमेकी मुलुक भारतमा भयो, त्यस्तो भने नेपालमा भएन । कोरोनाले मानवीय र भौतिक क्षति कति पुऱ्यायो, त्यसको एकिन तथ्यांक डब्लुएचओले समेत दिन सकेको छैन । कारण हो, बढी बाँकी ८ पेजमा

## ट्राफिक जामले खरबौंको क्षति

काठमाडौं । काठमाडौं उपत्यकामा हुने ट्राफिक जामका कारण वार्षिक रु एक खर्ब १६ अर्ब बराबरको आर्थिक क्षति हुने गरेको छ । सवारी जाम हुँदा त्यसबाट सिर्जना हुने वायु र ध्वनि प्रदूषण, तेलको खपत, सवारी साधनमा हुने ह्रास, स्वास्थ्यमा पर्ने समस्या, दुर्घटना जस्ता कारणले आर्थिक क्षेत्रमा रु एक खर्ब १६ अर्ब बराबरको क्षति हुने गरेको काठमाडौँ बाँकी ८ पेजमा

## सिन्धु ज्वालाले जनताको ६० करोड डुबायो

काठमाडौं । झोलामा खोला बोकेर पैसा ठग्ने गिरोहमा थुप्रै चर्चित व्यक्तिहरू परेका छन् । सिन्धु ज्वाला हाइड्रोपावर लिमिटेड कम्पनी खडा गरेर ठगी गर्नेमा निकै प्रतिष्ठित व्यक्तित्व मानिने डा.गोविन्द पोखरेल पनि परेका छन् । अगस्ट ५ सन २००८ मा कम्पनी रजिष्ट्रारको बाँकी ८ पेजमा

## निक्षेपको ब्याजदर घटाउने अभियानमा प्रधानमन्त्री

काठमाडौं । ब्याजदर घटाउने अभियानमा प्रधानमन्त्रीदेखि अर्थमन्त्रीसम्म लागि परेका छन् । तर यो अभियान कहिले पुरा होला भविष्यकै गर्भमा छ । अर्थमन्त्री डा. प्रकाशशरण महतले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई बोलाएर ब्याजदर, तरलतालगायत मुलुकको समग्र आर्थिक अवस्थाका बारेमा छलफल गरेका छन् । अर्थमन्त्री डा. महतले गभर्नर अधिकारीलाई ब्याजदर एकल अंकमा ल्याउने उपायको खोजी गर्न समेत भनेका छन् । गभर्नरले ब्याजदर घटाउने उपायका बारेमा केही सुझाव समेत दिएका छन् । ब्याजदर बाहेक अन्य बिषयमा पनि अर्थमन्त्री र गभर्नरबीच छलफल भएको थियो ।

अर्थमन्त्रीसँगको छलफलमा मुलुकको अर्थतन्त्रको अहिलेको अवस्थामा बिफ्रिङ भएको नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका प्रमुख डा. प्रकाश श्रेष्ठले बताए । अर्थमन्त्री बाँकी ८ पेजमा

## आर्थिक वृद्धिदर ४.१ प्रतिशत रहने प्रक्षेपण

काठमाडौं । नेपालको अर्थतन्त्र आर्थिक वर्ष सन् २०२३ मा ४.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । विश्व बैंकले सार्वजनिक गरेको अर्धवार्षिक 'कन्ट्री अपटेड' का अनुसार निर्यात प्रतिबन्ध, मौद्रिक नीतिमा गरिएको कडाइ, उच्च मुद्रास्फीति र कम राजस्व संकलन प्रतिबिम्बित गर्ने खुम्चँदो सरकारी खर्चका कारण नेपालको यस वर्षको आर्थिक वृद्धिदर यसअघि प्रक्षेपण गरिएभन्दा कम हुने आकलन गरिएको हो ।

मंगलबार सार्वजनिक गरिएको 'नेपाल डेभपलमेन्ट अपटेड, फाइन-ट्युनिङ पोलिसी इन अ टर्बुलेन्ट इन्भायरन्मेन्ट'ले अक्टोबर २०२२ को बाँकी ८ पेजमा

## मानार्थ सदस्यता तथा आवद्धता प्रमाणपत्र वितरण





काठमाडौं । गत आइतबार सुरेन्द्र ढकाल प्रतिष्ठानले आफ्नो नियमित त्रैमासिक मिटिङको अवसर पारी विभिन्न व्यक्तित्व तथा संस्थाहरूलाई मानार्थ सदस्यता तथा आवद्धता प्रमाणपत्र वितरण गरेको छ । प्रतिष्ठानको बाँकी ८ पेजमा

## शासन व्यवस्था फेरियो तर अवस्था उस्तै

समय सन्दर्भ

तेजेन्द्र प्रसाई

शासन व्यवस्था फेरिए पनि मुलुकले स्थायित्व पाउन सकेको छैन । २०४६ सालको राजनीतिक परिवर्तनपछिका ३३ वर्षमा २८ पटक सरकार फेरिएको छ । यस हिसाबले बर्सेनिजस्तो सत्ता हेरफेर भएको छ । एकै नेता पाँचपटकसम्म प्रधानमन्त्री बनेका छन् । आफ्नो दलको बहुमत हुँदा पनि सरकार पाँच वर्ष पूरै टिकेको छैन ।

यो अवधिमा राजनीतिक रूपमा ३० वर्षे पञ्चायत मात्र ढलेन, २४० वर्षे राजतन्त्र पनि गयो । गणतन्त्र आयो । मुलुक संघीयतामा गयो । जनताकै सन्तान राष्ट्रप्रमुख बनिरहेका छन् । तर, राजनीतिक रूपमा मुलुकले न स्थिरता पाउन सकेको छ न विकास, समृद्धि हासिल गर्न सकेको छ ।

२०४६ सालको जनआन्दोलनबाट पञ्चायत ढलेर बहुदलीय व्यवस्था आयो । कांग्रेस कम्युनिस्टको अन्तरिम सरकार बन्यो । कांग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइराला २०४८ जेठ १५ मा प्रधानमन्त्री बने । कांग्रेसभित्र बहत्तरे र छत्तीसे गरी दुई समूह देखियो । तीन शीर्ष नेता कोइराला, भट्टराई र सिंहबीच पानी बाराबारको अवस्था आयो । पार्टीको विवादका कारण सरकार राम्रोसँग चल्न सकेन । तत्कालीन प्रधानमन्त्री कोइरालाले पार्टीको बहुमत हुँदाहुँदै संसद् विघटन गरी मध्यावधि निर्वाचन घोषणा गरे । बहुमतको सरकार तीन वर्षमा ढल्यो ।

२०५१ मा मध्यावधि निर्वाचन भयो । कसैको बहुमत आएन । सबैभन्दा ठूलो पार्टीको हैसियतमा एमालेका तत्कालीन अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री बने । उनको पालामा केही लोकप्रिय कार्यक्रमको सुरुवात भयो । त्यसपछि विपक्षी दल एकजुट भए ।सरकार अल्पमतमा परेपछि अधिकारीले निर्वाचन घोषणा गरे । तर, सर्वोच्च अदालतले भदौ १२ गते त्यसलाई बदर गरिदियो । त्यसपछि नौ महिनामा नै एमाले सरकार ढल्यो । त्यसपछि राजनीतिमा विकृति, संगति भित्रियो ।

२०५२ सालमा कांग्रेस र राप्रपा मिलेर नयाँ सरकार बन्यो । जसको नेतृत्व शेरबहादुर देउवाले गरे । देउवा २०५२ भदौ २७ गते पहिलो पटक प्रधानमन्त्री बने । उनको पालामै संसदीय राजनीतिमा विकृतिको सुरुवात भयो । उनले पहिला पटक ४८ सदस्यीय मन्त्रीमण्डल बनाए । माओवादी सशस्त्र द्वन्द्व पनि देउवाकै पालामा सुरु भयो । २०५२ फागुन १ सशस्त्र द्वन्द्वको सुरु भएको हो ।

माओवादीले सरकारसमक्ष डा. बाबुराम भट्टराई नेतृत्वमा ४० बुँद्धे माग राख्यो । त्यो माग सम्बोधन नगरेको भन्दै उक्त पार्टी सशस्त्र संघर्षमा गयो । जसले गर्दा देशमा अशान्ति, हिंसाको बिजारोपण भयो । त्यो बेला देउवा सरकार पनि धेरै दिन टिकेन । कांग्रेसकै सांसदले असहयोग गरेपछि सरकार ढल्यो ।

एमाले र राप्रपा मिलेर २०५३ फागुन २९ गते संयुक्त सरकार बन्यो । जसको नेतृत्व राप्रपा नेता लोकेन्द्रबहादुर चन्दले गरे । त्यो सरकारले २०५४ सालको स्थानीय निर्वाचन गऱ्यो । एमालेले सफलता हासिल गऱ्यो । त्यसपछि एमालेभित्र खटपट सुरुवात भयो । सरकार पनि लामो समय टिकेन । एमाले र राप्रपा दुवै दल विभाजित भए । कांग्रेसको समर्थनमा २०५४ असोज २१ गते राप्रपाकै नेता सूर्यबहादुर थापा प्रधानमन्त्री बने ।

कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला २०५५ वैशाख २ गते दोस्रो पटक प्रधानमन्त्री बने । कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बनाउने नारा लिएर कांग्रेस चुनाव गयो । त्यो बेला एमाले पनि विभाजित थियो । २०५६ मा कांग्रेसले स्पष्ट बहुमत ल्यायो । त्यो निर्वाचनपछि कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री बने । २०५६ जेठ १७ गते दोस्रो पटक सदगी नेता भट्टराईले देशको नेतृत्व गर्ने अवसर पाए । तर, उनलाई कोइरालाले नै नौ महिनाभन्दा बढी टिक्न दिएनन् । कोइरालाकै नेतृत्वमा अविश्वासको प्रस्ताव आएपछि विवश भएर भट्टराईले राजीनामा थिए । २०५६ चैत ८ गते भट्टराई हटाएर कोइराला तेस्रोपटक प्रधानमन्त्री बने ।

२०७२ असोज ३ मा संविधान जारी भयो । भारतले केही समय संविधान जारी नगर्न आग्रह गरेको थियो । तर, एमाले अध्यक्ष केपी शर्मा ओलीको अडानका कारण तोकिएकै समय बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

## सम्पादकीय

## मुलुक असफलताको शृङ्खलामा

प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिनिधिसभामा आफूमाथि विश्वासको मत माग्ने क्रममा यसपटक आफू केही गर्ने उद्देश्यका साथ आएको र बालुवाटारको तेस्रोपटकको यात्रा मुलुकको विकास, समृद्धि र सुशासनका लागि खर्चने प्रण गर्नुभयो । उहाँको यस कथनलाई सबैले स्वीकारे र २ सय ७५ सदस्यीय प्रतिनिधिसभामा २ सय ६८ मत पाएर अभूतपूर्व अभिलेख दर्ज गर्नुभयो । प्रधानमन्त्री बन्दा नै १ सय ६९ सदस्यको समर्थन पाउनुभएका प्रधानमन्त्री प्रचण्डलाई जसले जसरी विश्वाको मत दिए र जेजस्ता राजनीतिक दलहरू सरकारमा सामेल भए, अनि उहाँ कसरी कांग्रेसको पोल्टाबाट उछिट्टिएर एमालेकको पोल्टामा पुग्नुभयो, यो भने आश्चर्यको विषय होइन र सत्ता उहाँका लागि कति प्यारो छ भन्ने पुष्टि मात्र हो ।

विश्वासको मत पाएपछि प्रधानमन्त्रीले राष्ट्रपतिमा राष्ट्रिय सहमतिको पासा फालेर एमाले तर्साउने र कांग्रेस पकाउने रणनीति लिनुभयो । यसो गर्दा उहाँलाई जुनसुकै बेला बहुमत कायमै रहन्छ । तर, मुलुकले के पाउँछ भन्ने प्रश्नको उत्तर भने छैन । यथासमयमै जवाफदेहितापूर्ण शैलीमा काम गर्ने शासकीय चरित्र निर्माण हुन नसक्दासम्म देशको हातल सप्रनेतिरभन्दा बिग्रनेतिर नै उन्मुख हुनेछ । मन्त्रिमण्डल पूर्णतामा देखिएको बिलम्बले पनि घनीभूत हुँदैगएका राष्ट्रिय तथा जनसरोकारका समस्याहरूको निदानप्रतिको विश्वास पनि जागृत हुन नसकेको अवस्था छ । चौतर्फी असफलताको शृङ्खला टुटाउने साहस, क्षमता र दृढ इच्छाशक्तिको शासकीय चरित्र निर्माण नै आजको आवश्यकता हो भन्ने समयबोध हुनु आवश्यक छ । शासकीय बेथिति र असफलताकै कारण देशको वर्तमान अवस्था धेरै नाजुक हालतमा पुगेको छ । सिद्धान्त, विचार, निष्ठा र नैतिकता स्खलित हुँदैगएको र सत्तालाई मात्र केन्द्रबिन्दुमा राखेर हुने गरेको संसदीय राजनीतिको विष्मयकारी अभ्यासले मुलुकको आन्तरिक क्षमता वृद्धिमा क्षति पुऱ्याइरहेको छ । यसले सकारात्मक परिणतिप्रतिको अपेक्षा पुनः धुमिल हुन थालेको आभास बिलम्बै बिलम्बका प्रकरणहरूले दिन थालेका छन् ।

मुलुकमा भागबण्डा गरौं मिलिजुली खाउँको अपसंस्कृति वरण गर्ने चलनको निरन्तरताले सत्ता राजनीतिभित्र राष्ट्रिय सहमतिको नाममा रस्साकस्सी चलिरहेको छ । सेवामुखी राजनीति र देश तथा जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको अपेक्षा आकाशको फलजस्तै सावित भैरहेको छ । यथासमयमा निर्णय गर्ने र काम तामेल गर्ने क्षमता नदेखाउने सत्ता नेतृत्वको दुर्बलताभित्रका अन्तर्निहित जे जस्ता कारणहरू रहेका भए पनि समग्रतामा त्यसको प्रतिकूल असर राज्यका यावत अंगहरूमा परिरहेको छ । मुलुकको शासकीय चरित्रमा सुधार नभएसम्म अपेक्षित नतिजा कदापि निस्किन सक्दैन । तर, सत्ता केन्द्रित राजनीतिमा त्याग, सेवा र समर्पणको कुनै अर्थ नरहेको बोध सत्ता अभियन्ताहरूले यसरी नै गराइरहेका छन् । शक्तिमा बसेर खाइखेलो गर्दैआएका दलहरू हुन् वा उदीयमान दलहरू हुन् सत्तावृत्तमा नै घुमिरहेका छन् । संसदमा प्रतिपक्षी दल नै नरहने जस्तो अवस्था सिर्जित छ । विपरीत धर्मीहरूबीचको गठजोड देशलाई माथि उकास्नका लागि प्रभावकारी बन्न नसकेको यथार्थ जतातते छताछुल्ल छ ।

'काले काले मिलेर खाउँ भाले'को अपसंस्कृति अनुशरण हुनु भनेको मुलुकलाई थप कमजोर बनाउनुबाहेक केही होइन । पुनः अवसर पाए बेथितिको विगत उल्टाउने भ्रमले असफलताको शृङ्खला टुटाउने क्षमता र प्रतिबद्धता दुबै देखाउन सक्ने विश्वास गर्न सकिने आधार नै बनेको छैन भन्नु अत्युक्ति हुँदैन । भ्रष्टाचारै भ्रष्टाचारका गाथाले राष्ट्रिय लगानीका आयोजनाहरू थलिएका छन् । मन्त्री बन्नासाथ फूर्तीफार्ती गर्नेहरू पनि थाक्दै जाने गरेको देखिँदैछ । जिम्मेदारी बोध गरेर र सेवाभाव राखेर थोरैमात्र पनि सिर्जनात्मक कामप्रति ध्यान दिएमा वाञ्छित नतिजा नआउने देखिँदैन तर चटके प्रवृत्तिको निरन्तरताले बैथितिको शृङ्खला टुट्न कदापि सक्नेछैन ।

## मैले त चुनाव हारेर जितेको पो रहेछु



सुरेन्द्र ढकाल

प्रदेश खारेजी र आधारभूत संघीयताको स्थापना र विकास गर्ने, आफू सांसद भएमा त्यसवापत राष्ट्रबाट कुनै भत्ता सुविधा नलिने, वर्तमान र भूतपूर्व राजनीतिकर्मीहरूको सेवा सुविधा खारेजी गर्ने, नेपाललाई हिन्दु र बौद्ध धर्मको अन्तर्राष्ट्रिय केन्द्र बनाउने, २०४७ पछिका राष्ट्रपति, प्रधानमन्त्री तथा मन्त्रीहरूको स्रोत नखुलेको सम्पत्तीको राष्ट्रियकरण गर्ने, ७७ जिल्ला ७७ निर्वाचन क्षेत्र बनाउने, राजनीतिकर्मीहरूले विदेशमा गई औषधोपचार गरी गर्ने गरेको राष्ट्रिय ढुकुटीको दोहन बन्द गर्ने, राजनीतिलाई पेसा होइन, सेवाको रुपमा स्थापित गर्ने, पर्यावरण मैत्री विकास मात्र प्रवर्द्धन गर्ने, देशबाट लिने होइन, देशलाई दिन सक्नेले मात्र राजनीति गर्ने संस्कारको विकास गर्ने, भारतीय हेपाहा प्रवृत्तिको विरुद्ध लडने, अनि नेपालबाट तिब्बतीहरूलाई कि तिब्बत, कि भारत कि भुटानी शरणार्थीहरूलाई जस्तै क्यानडा र अमेरिका पठाउनेजस्ता एजेण्डा लिएर काठमाडौं चुनाव क्षेत्र नं १ बाट मैले उम्मेदवारी दिएको थिएँ ।

चुनावमा मैले कति मत पाएँ भन्ने कुराले सामाजिक संजाल भरिएकै थियो । आफ्नो सम्पूर्ण सम्पत्तीको अक्षयकोष बनाई त्यसको ब्याजबाट सामाजिक सेवामार्फत राजनीति गर्न मैदानमा उभिएको मान्छेले चुनाव हार्दा त्यसले उसको मानसिक स्थितिमा नराम्रै असर पार्छ होला भन्ने यस क्षेत्रका मतदाताहरूले सोचेका थिए होलान । तर दिनको लागि जन्मेको मान्छेलाई त्यसले केही असर पार्दैन भन्ने कुराको उदाहरण बनेर मैले देखाएकै कारणले होला चुनावमा मलाई पछार्नेहरू अहिले आफैं पछारिएको अनुभव गर्न थालेका छन् ।

गत चार हप्ताको अवधिमा काठमाडौंको चुनाव क्षेत्र नं १ मा रहेका एक विद्यालय, एक गैरसरकारी संस्था, एक सामाजिक संस्थाले अतिथि बनाइ मलाई सम्मान गर्ने कार्यक्रम राखे जसमा प्रमुख अतिथि त्यही व्यक्ति थिए जससँग म चुनावमा हारेको थिएँ । तीनमध्ये दुई ठाउँमा ती व्यक्ति आफैं उपस्थित भए तर मसँग आँखा जुधाएर हेर्ने र बोल्ने आँटसम्म गरेनन् अनि एउटा कार्यक्रममा त उनी आउँदै नआई आफ्ना प्रतिनिधिलाई खटाए । चुनावताका तँलाई हाम्रो पूर्ण समर्थन रहन्छ भनेर मेरो प्रतिष्ठानमार्फत सहयोग लिनेहरू त विचरा मलाई देख्नेबित्तिकै लाजले शिर निहुराउँछन् ।



मैले पाएको मत आफ्नो एक मतसमेत गरी जम्मा ९२ थियो तर टेलिफोन, मेसेन्जर, एसएमएस, अनि फेसबुकमार्फत हामीले त तँलाई भोट दिएकै हो भन्नेहरू हजारभन्दा बढी हुन पुगे । अब भन्नुहोस् चुनाव वास्तविक रुपमा कसले जितेको रहेछ ? मैले कि मलाई हराउने प्रतिद्वन्द्वीले ? म बानेश्वरमा जब पैदल वा साइकल चढेर निस्कन्छु मलाई अभिवादन गर्ने मित्रहरू थुप्रै देखिन्छन् । त्यसले मलाई यति गौरवान्वित बनाउँछ कि चुनाव हारेकोमा एक रत्ति अफसोच छैन बरु खास चुनाव त मैले पो जितेको रहेछु भन्न पो परिरहेछ मलाई ।

सरकार आफ्ना कर्मचारीहरूलाई तलब दिन नसक्ने भइसक्दा पनि वर्तमान अनि भूतपूर्व राजनीतिकर्मीहरू आफ्नो सेवा सुविधा त्याग्न सक्तैनन् भने चुनाव जितेर देशको लागि भार बनेका ती मनुवाहरू ठिक कि म ठिक ? त्यो समयले बताइ नै रहेको छ । चुनाव जित्नेहरू आत्मघातीको निशान हुने वा उनीहरूले आत्महत्या गर्नुपर्ने दिन देख्न अब धेरै कुर्नु नपर्ला । मैले त चुनाव हारेर जितेको पो रहेछु ।

## जात व्यवस्थाभित्रको कुरूप तस्बिरहरू समाजमा जीवितै छन्



गोविन्द विक

हिन्दु वर्ण व्यवस्थाअनुसार सिर्जित नेपाली समाजमा गडिएको जात व्यवस्थाले आम दलित समुदायलाई विभेदको सिकार बनाइरहेको छ । व्यक्तिको मनोविज्ञानभन्दा पनि सामाजिक प्रतिष्ठाको विषयलाई महत्व दिने परिपाटी समाजमा जीवितै रहेको हुनाले दलित समुदायमाथि हुने गरेका जातीय विभेदका घटनाहरू बाहिर आइरहेको हामी सबैले सुने बुझेकै छौं । कथित उपल्लो जातकी युवतिसँग गरिएको प्रेमलाई स्वीकार गर्न नसकेर भेरी नदीमा बगाइएका नवराज विकहरूको घटना ताजै छन । तल्लो जात भएकै कारण मारिएका काभ्रेका आजित मिजारहरू, चुलो छोएको निहुँमा कालीकोटका मानविरे सुनारहरूले जीवन आहुति गर्नुपरेको घटना कम पीडादायी छैनन् । विभिन्न चरणमा भए गरेका आन्दोलनहरूमार्फत जातीय विभेद हटाउनका निम्ति चेतनासहितको परिवर्तन आयो भनेर गरेको विश्वास आज गलत सावित हुँदै जानु समाजका लागि नै विडम्वना भएको छ । गणतान्त्रिक शासन व्यवस्थाले पनि आजको नयाँ संरचनामा समाजमा गडेको जातीय छुवाछूतको जरा उखेल्न नसक्नु सिङ्गो मानव समाजका लागि नै दुर्भाग्य हुँदैछ ।

जातिय विभेद तथा छुवाछूतको समस्या दलित समुदायको मात्र हैन यो समस्या आम मानव जातिकै समस्या हो भन्ने विषयको बुझाइ समाजमा देखिदैन । आफूलाई माथिल्लो दर्जाको रुपमा परिचित गराउनका लागि अरुलाई तल पार्नुपर्छ भन्ने विचलित मानसिकता पालेर बसेकाहरूबाट नै जातीय विभेदका नरसंहारहरू दोहोरिरहेको छन् भन्ने बुझाइ राज्यशत्ता सञ्चालन गर्नेहरूलाई कहिले हुन्छ ? कोरोना भाइरसका कारण एकअर्काप्रति अछुतजन्य व्यवहार खेप्नुपरिरहेको भन्दै विभिन्न आक्रोसहरू सञ्चार माध्यमबाट बाहिर पोखिएका थुप्रै उदाहरणहरू छन ।

दलित भएकै कारण वा दलित भनेर परिचय दिएपछि कोठाबाट निकालिने, कोठा नपाउने, आफ्नै सहपाठीहरूबाट छुवाछूत तथा विभेदजन्य व्यवहार भएपछि आफ्नो वास्तविक जात ढाँटेर हिँड्ने दलितहरूको भीड बढ्दो क्रममा छ । कुनै उपल्लो जातको घरमा गएर परिचय दिँदा दलित भनेर परिचय दियो भने तपाई त दलित जस्तो पनि देखिनु हुन्न भन्ने गरेका थुप्रै क्षणहरू छन् । यसबाट पनि बुझ्न सकिन्छ कि दलितलाई हेर्ने दृष्टि र सोचाइ नै फरक भएर रहेको छ व्यक्तिको मानसपटलमा । यसकारण जातीय उचनिचको प्रश्न छुवाछूत र विभेदको प्रश्न सामाजिक समानताको प्रश्न अनुत्तरित भइनै रहेको हो । यी प्रश्नहरू अनुत्तरित हुने किसिमको वातावरण किन बन्दैछ ? भन्ने सवालको खोजी र वहस गर्न राज्यशत्ता किन तयार देखिदैन ?

संघीय संसदमा दलितको सहभागिता हेर्दा जम्मा ६.९ प्रतिशत मात्र छ । जुन निकायले दलित अधिकारका आवाज बोल्ने गर्दछ । यसबाट प्रस्ट हुन्छ राजनीतिक दलहरूमा नै दलित समुदायको सहभागितालाई संकुचित रुपमा खुम्च्याइएको छ । दलित अधिकार



तथा दलित समुदायको हकहितका निम्ति आवाज उठाउने अर्को थलो भनेको दलित आयोग हो तर आजसम्म उक्त आयोगले पूर्णता पाउन नसक्नु भनेको दलित अधिकारप्रति राज्यशत्ता गम्भीर नहुनु हो । आम दलित समुदायप्रतिको उपेक्षा हो ।

सदियौदेखि अपहेलित भएर समाजमा रहेको दलित समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गराउनका लागि कहीँ न कहीँ राजनीतिक नेतृत्व चुकेको छ भन्ने सवालको खोजी किन गरिदैन ? दलित समुदायको सवालमा नीतिगत रुपमा केही आशलाग्दा सुधारहरू भए पनि व्यवहारिक रुपमा परिवर्तन भएको देखिदैन । जातीय विभेद र छुवाछूतको कानुनी उपचार खोज्ने हो भने विभेदजन्य कसुरमा कानुनी निरुपणका बाटाहरू पर्याप्त नै छन् तथापि व्यावहारिक चेतनाको सवालमा भने थुप्रै त्रुटिहरू देखे भोगेकै छौ । त्यसैले समाजमा जातीय विभेदका घटनाहरू दोहोरिन नदिनका लागि जातीय विभेद विरुद्धका राष्ट्रिय अभियान चलाउन आवश्यक छ ।

हरेक समाजले अन्तरजातीय विवाहलाई मान्यता दिने परिपाटीको विकास गराउनका लागि राजनीतिक नेतृत्व, नागारिक समाज, विभिन्न दलमा आवद्ध भएर दलित मुक्तिका लागि आवाज उठाउनेहरू सबै आआफ्नो स्तरबाट अभियानको तिर छेड्न जरुरी छ । जातीय विभेद विरुद्धको अभियानमा स्थिर समाजको आर्थिक र सामाजिक अन्तरविरोधलाई घुसाउन आवश्यक ठान्नु पर्दछ । कुलिन ठालुवादको संस्कृतिलाई व्यक्तिको मनोविज्ञानबाट हटाएर दलित अधिकार संरक्षणमा पहल गर्नुपर्दछ ।

निजामती सेवामा पनि समावेशीताका कारण जम्मा एक प्रतिशत दलितहरूको मात्र सहभागिता रहेको पाइन्छ । के विभिन्न समयमा भए गरेका आन्दोलनहरूमा दलित समुदायको योगदान भनेको त्यही एउटा वडा सदस्यका लागि मात्र थियो र ? के दलित समुदायका नेताहरूमा प्रत्यक्ष चुनाव लड्ने हैसियत राजनीतिक नेतृत्वले देख्न नसकेकै हो त ? यो मुलुकमा दलित समुदायहरू कानुन कार्यान्वयनको तहमा पुग्नका लागि अझै धेरै संघर्ष गर्नुपर्ने अवस्था छ । के दलितका मुद्दा समाज प्रगतिका मुद्दा होइनन र ? जातीय विभेदको सवाल दलितको मात्र हो भन्ने पुरातनवादी सोचको पर्खाल कहिले भत्काउने ? जातिय विभाजन, शासन पद्धति र सामन्ती सोचका कारणले यो समाज जातीय विभेदको दलदलमा भासिएको छ भन्ने सवाल राज्यसत्ताले कहिले मनन गर्ला ? यही जातीयताको पुरातनवादी विचारले गर्दा जातभात विनाको समाजको कल्पना गर्ने पुस्ताहरूको सपनामा नै ठेस पुगिराखेको कुरा राज्यसत्तालाई बुझाउन दलित अगुवाहरूको भुमिका किन मौन छ ? राज्य व्यवस्था परिवर्तनका लागि बगेका दलितहरूका पसिनालाई इतिहासले कसरी बिर्सन सक्छ र ?

करिब ६० लाखभन्दा बढी जनसंख्या भएको दलित समुदाय परिवर्तित मानिएको आधुनिक समाजमा जातीय भेदभाव जस्तो अमानवीय रसातलमा रुमालिरहेको यो राज्यसत्ता टुलुटुलु हेरेर बस्नु आफैंमा निराशाजनक छ । जातीय विभेद विरुद्धका निम्ति न्यायिक निरुपणमा राज्यले अग्रसरता कहाँ देखिएको छ र ? अझै पनि जातीय विभेदका कतिपय घटनाहरू प्रहरीले दर्ता नै गर्न आनाकानी गरेका धेरै उदाहरणहरू हामीबीच छन् । दलित समुदायको मुक्तिका लागि राजनीतिक दलहरूले जति नै मिठा नाराहरू सुनाए पनि उनीहरूसँग विभेद विरुद्धका ठोस कार्यक्रम नै भएको पाइँदैन ।

प्रगतिशिल दृष्टिकोणबाट विश्लेषण गर्ने हो भने अहिलेको राज्यसत्ताले आम दलित मुक्तिका लागि कठोरता देखाउँछ भन्ने बुझाइ आम दलितहरूको थियो । तर त्यसो हुन सकेन । जातीय छुवाछूत र विभेदका सवालमा नीति कानुन संविधानमा परिवर्तन भए तर व्यवहार र चेतनामा परिवर्तन देखिएन । जसका कारण कानुन भएर पनि दलित समुदायले छुवाछूत र जातीयताको विभेद सहनु पर्दैछ । यो विषयलाई राज्यसत्ताले केलाउन किन तयार छैन ? जातीय विभेद भनेको समाजिक धमिरा हो, यसले समाजको प्रगतिलाई भित्रभित्रै खोक्रो बनाउँछ भन्ने बुझाइ आम व्यक्ति स्तरमा हुनु जरुरी छ । जातीयताको सामाजिक अन्तरघुलनलाई व्यवहारमा उतार्नका निम्ति पनि जातीय विभेदको विरुद्धमा सामाजिक अभियान चलाउन आवश्यक छ ।

भोलिको पुस्तालाई विभेदरहित समाज अनुभूति गराउनका लागि आजको युवा पुस्ताले जातीय विभेद विरुद्धको अभियान आवश्यक ठान्न जरुरी छ । समाजमा हेपिएको तल परेका पारिएका दलित समुदायहरूको जातीय विभेदको मुद्दा राजनीतिक चिन्तनको विषय किन बन्न सकेन ? भन्ने विषयको खोजी गर्न पनि यो अभियान सुरु गर्नुपर्दछ । ७५३ वटै स्थानीय तहहरूमा जातीय विभेद विरुद्धका मुद्दाहरू जोडदार रुपमा उठान गरी अभियान छेड्नका लागि तहगत रुपमा पहल थाल्न जरुरी छ । जातीय विभेदको जरा सदियौंदेखि गाडिएको हुनाले सहज रुपमा उखेल्न कठिन त होला तर निरन्तर अभियानले व्यवहारिक अभ्यासमा परिवर्तन ल्याउन सम्भव छ । कति असम्भव भनिएका व्यवस्थामा पनि परिवर्तन सम्भव भएर नै आज हामी नयाँ बदलिएको व्यवस्था उपभोग गरिराखेका छौं ।

यो मुलुकमा राजसंस्था फालिन्छ, गणतन्त्र आउँछ भन्ने विषयमा पनि असम्भव भन्नेहरूको भीड ठूलै थियो । तर निरन्तर प्रयासले गर्दा असम्भव छ भन्ने ठूलो जमातका बाबजुद पनि परिवर्तन भएको देखियो भनेपछि समाजमा सामाजिक प्रतिष्ठाको विषय ठानी जातीय विभेदलाई एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने प्रवृत्तिको विकास भएको हुनाले नै आज कयौं दलितहरू विभेदका पात्र बनेका बनाइएका छन् । जातीय छुवाछूत तथा विभेदका सवालमा समाजका सामाजिक संरचनाहरूको नियति खराब नभए तापनि परम्परागत अभ्यासलाई परिमार्जित गरेर नयाँ सिराबाट प्रगतिशिल चेतना विकास गर्नुपर्दछ भन्ने मान्यता र सिद्धान्तलाई आत्मसात गर्न अलमलिएको हुनाले पनि जातीय विभेद र छुवाछूत यथास्थितिमा जगडिएको हो । फरक व्यक्तिका फरक विचार फरक सोचाइ हुनु स्वभाविक हो तर व्यक्तिले जातीय भेदभावलाई सामाजिक प्रतिष्ठामा जोडेर व्यवहार गर्न उद्यत हुनु नै आम दालित समुदायका लागि दुर्भाग्य भएको छ ।

जातीय विभेद गर्न व्यक्तिको नियत खराब नभए पनि समाजिक व्यवस्थाको ओरिन्टेसन नै विभेदउन्मुख तरिकाले गरिएपछि विभेदका घटनाहरूले निरन्तरता पाउँदै गएको सत्य हो । त्यसैले जातीय विभेद हटाउने अभियानमा आम समुदायको महत्वपूर्ण भूमिका हुने हुनाले व्यवहारिक रुपबाट नै यसको अन्त्यका लागि प्रतिवद्धता देखाउनु आवश्यक छ । जातीय विभेद मान्छेले नै बसालेको व्यवस्था भएको हुनाले मान्छेले नै उखेलेर फाल्न सकिन्छ भन्ने मानसिकताको विकास गर्न जरुरी छ ।

# हाम्रो सामाजिक सक्रियता

## विजय मेमोरियल उच्च माध्यामिक विद्यालय तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

**१. विद्यालयको परिचयः**

राणाकालीन अन्तिम तथा प्रजातन्त्रको आवागमनपश्चात् प्रथम प्रधानमन्त्रीको रूपमा परिचित मोहनशमशेरका छोरा तथा वर्तमान राजनीति फाँटका परिचित व्यक्तित्व राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ नेता पशुपतिशमशेर जबराका पिता विजयशमशेर राणाले विद्यालय संचालनार्थ आवश्यक जमिन उपलब्ध गराएकोले उनकै सम्झनामा यो विद्यालयको नाम विजय स्मारक रहन गएको हो ।

यो विद्यालयको स्थापना विद्यालयको अभिलेखअनुसार वि.स. २०१२ फाल्गुन ४ मा भएको पाइयो । तसर्थ यो विद्यालय नेपालका पुराना शैक्षिक संस्थाहरूमध्येको एक विद्यालयको रूपमा पर्छ ।

नेपालको शैक्षिक इतिहासको पृष्ठभूमि तयार पार्ने काम उपत्यकाभित्रका तत्कालीन अवस्थामा खुलेका केही विद्यालयहरूले गरेका थिए । विद्यालयको पहिलो दशक यसलाई माध्यमिक विद्यालयमा स्तरोन्नति गर्न मात्रै खर्च गरेको देखिन्छ । पहिलो दशकको उत्तरार्ध अर्थात् वि.सं.२०१९ सालमा माध्यमिक स्तरको स्वीकृति प्राप्त गरी वि.सं. २०२१ सालको परीक्षामा प्रथम पटक यस विद्यालयले आफ्ना विद्यार्थीहरूलाई एसएलसी परीक्षामा समेत सामेल गराएको थियो ।

विद्यालयले आफ्नो पहिलो, दोस्रो, तेस्रो र चौथो दशकमा उत्पादन गरेका तत्कालीन विद्यार्थीहरू आज राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा समेत होनाहार र लब्ध प्रतिष्ठित व्यक्तित्वका रूपमा आसिन भएको पाइन्छ । छैंटौ दशकमा माध्यमिक विद्यालयहरू उच्च माध्यमिक तहको शिक्षा प्रदान गर्न सफल हुनु पर्दछ भनी राज्यले बनाएको अवधारणा र मान्यतालाई आत्मसात गरी यस विद्यालयले तत्कालीन उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरबाट मिति २०६० ।०३ ।१९ गतेको निर्णयअनुसार उच्च माध्यमिक तह (कक्षा ११ र १२) का कक्षाहरू शैक्षिक सत्र २०६०/०६१ देखि सुचारू गर्ने अनुमति प्रदान भएपश्चात् निरन्तर रूपमाा कक्षा ११ र १२ तर्फ व्यवस्थापन र मानविकी संकायका कक्षा संचालन गर्ने गरी स्वीकृति प्राप्त गऱ्यो र त्यसै गरी वि.स.२०६१ सालमा शिक्षा शास्त्र संकायका कक्षाहरू पनि संचालन हुँदै आएको छ ।

**भौगोलिक अवस्था**

नेपालको संविधान, २०७२ ले राज्यको पुनःसंरचना गरेबमोजिम बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकाको वडा नम्बर २९, डिल्लीबजारमा ६ रोपनी १५ आना २ पैसा ३ दाम क्षेत्रफलमा अवस्थित यस विजय स्मारक माध्यमिक विद्यालय २७° ७' उत्तर अक्षांस र ८५° ३' पूर्वी देशान्तरमा फैलिएर रहेको छ । नेपालको राजधानी सहरमा रहेकोले बत्ती, पानी, यातायातको सुविधा सम्पन्न छ ।

**विद्यालय रहेको समुदायको बनोट**

यस विद्यालयको समुदायमा विभिन्न जिल्लाहरूबाट जीविकोपार्जन गर्ने क्रममा बसाईंसराई गरिआएका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृतिका मानिसहरू र स्थानीय समुदाय (नेवार, ब्राह्मण, क्षेत्री आदि) बसोबास गर्दै आएको पाइन्छ । यस विद्यालयले आर्थिक अवस्था कमजोर भएका वा पछि परेका समुदायका बालबालिकाहरूको सेवा गर्दै आएको छ । कमजोर आर्थिक अवस्था भएका, प्रायः डेरा गरी बस्ने आदि अभिभावकका नानीहरूलाई मुख्यत यस विद्यालयले सेवा गर्दै आएको छ ।

**विद्यालयको सेवा क्षेत्र**

यस विद्यालयले सेवा पुऱ्याउँदै आएको सेवा क्षेत्र मुख्य का.म.पा. वडा नं. १, २, १०, २९,र ३० पर्दछन् । यसबाहेक अन्य वडा र देशका विभिन्न जिल्लाबाट पनि यस विद्यालय पढ्न आउने विद्यार्थीहरू प्रशस्त छन् ।

**विद्यालयमा सञ्चालित कार्यक्रम**

यस विजय स्मारक माध्यमिक विद्यालयमा हाल प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्म औपचारिक शिक्षाका कार्यक्रमहरू सञ्चालित छन् । जसअन्तर्गत कक्षा ११, १२ मा शिक्षा, मानविकी र व्यवस्थापन संकायका विषयहरू अध्ययन तथा अध्यापन गराइन्छ । विद्यालयमा प्रधानाध्यापकको संयोजकत्वमा समिति निर्माण गरी वार्षिक कार्यक्रम समावेश गरी तयार गरिएको शैक्षिक भित्तेपात्रोमार्फत कार्यक्रमहरू कार्यान्वयन गरिएको छ ।

**सिकाइको अवस्था** :

- कक्षागत औषत सिकाइ उपलब्धि जि.पि.ए.२ भन्दा माथि रहेको पाइयो,
- महामारीको विषम परिस्थितिमा पनि तोकिएका शैक्षिक कार्यक्रमहरू (भर्ना अभियान, पाठ्यपुस्तक वितरण,
- परीक्षा सञ्चालन, परीक्षाफल प्रकाशन, नियमित पठनपाठनजस्ता कार्यहरू उच्च सावधानीपूर्वक र सर्तकताका साथ सञ्चालन तथा सम्पन्न गरिएको ।

**विद्यार्थी तथा शिक्षक संख्या**

विद्यालयमा हाल वालविकास कक्षादेखि लिएर १२ कक्षासम्म गरी विद्यार्थीको कुल संख्या ७०६ रहेको छ । जसमध्ये सबैभन्दा कम कक्षा २ मा ३० जना र सबैभन्दा बढी कक्षा ११ मा १०७ जना रहेका छन् । अन्य कक्षाहरूमा ३० देखि ९० को संख्यामा विद्यार्थीहरू पर्न आउँछन् । त्यसैगरी शिक्षक शिक्षिकाको दरबन्दी संख्या ३९ रहेको छ जसमध्ये शिक्षकको संख्या २२ र शिक्षिकाको संख्या १७ रहेको छ । तर आधारभूत कक्षामा ७ शिक्षक पद रिक्त रहेको कारण विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाको संख्या जम्मा ३२ रहेको छ । ३९ जनाको कुल दरबन्दीमध्ये प्रारम्भिक वालविकास तहमा २, अधारभूत तह कक्षा १ देखि ८ सम्ममा २६ जना, माध्यामिक तहमा ९ जना र उच्च माध्यामिक तहमा २ जना रहेका छन् ।

**विद्यालयको दूरदृष्टि**

विद्यालयलाई नमुना विद्यालयको रूपमा स्थापित गर्दै सबै बालबालिकाको पहुँचभित्र पुऱ्याइने छ,

**उद्देश्य**

- औसत सिकाइ उपलब्धि क्रमशः वृद्धि गर्दै जाने,
- विद्यार्थी केन्द्रित सिकाइ वातावरण सिर्जना गर्ने,
- विद्यालयका विभिन्न क्रियाकलापहरूमा अभिभावकको संलग्नता बढाउने र सहकार्य गर्ने,
- बालबालिकाको नैतिकता, चरित्रता र संस्कारको विकास गरी उच्च अनुशासन कायम गर्ने,

माथिका उद्देश्यहरू पूरा गर्नका लागि गरिने क्रियाकलापहरू

- सुधारात्मक शिक्षण, निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्न आवश्यक क्रियाकलाप अगाडि बढाउने,
- विद्यार्थीको स्तर पहिचान गरी विद्यार्थीको आवश्यकताअनुसार सिकाइमा जोड दिने,
- शिक्षक, विद्यार्थी र अभिभावकबीच अन्तरक्रिया गर्ने,
- स्वतन्त्र शैक्षिक वातावरण तयार गरी विद्यार्थीलाई सिक्न, खोजी गर्न, शिक्षकसँग आफ्नो विषयवस्तुको खुलेर प्रश्न सोध्न सक्ने वातावरणको सिर्जना गर्ने

माथि उल्लिखित बुँदाहरूको कार्यान्वयन यो वर्षदेखि नै लागु गरिने छ ।

**शैक्षिक लक्ष्य : प्राथमिकता दिने कार्यहरू**

१. विषयगत विभाग गठन गर्ने,

२. विभिन्न समितिहरू निर्माण गर्ने,

३. अतिरिक्त क्रियाकलाप सञ्चालन गरी विद्यार्थीको सर्वाङ्गीण विकास गर्ने,

४. ICT सँग सम्बन्धित विषयमा शिक्षकहरूलाई विविध विषयमा तालिम दिने ।

**सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य**

विद्यालयमा रहेका ७०६ विद्यार्थीहरूमध्ये धेरैजसो सुविधाविहिन गरिब विद्यार्थीहरू पर्दछन् जसलाई परीक्षा शुल्क, विद्यालय पोसाक, स्कुलब्याग, जुत्ताजस्ता आवश्यक वस्तुहरू किन्न धौधौ पर्दछ ।

यस्ता विद्यार्थीहरूको समस्या समाधान गरी उनीहरूको मनोवल उच्च राख्दै उनीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय प्रतिबद्ध छ । सोही कारण विद्यालयले विजय स्मारक श्वेत सरस्वती अक्षयकोष खडा गरी त्यसको ब्याजबाट यस्ता छात्रछात्राहरूलाई सहयोग गर्ने नीति लिई त्यसको कार्यान्वयनमा सकारात्मक ढंगबाट अघि बढेकै कारण सो कोषमा ९७ जना दाताहरूले रकम प्रदान गरेका छन् ।

त्यस कोषको खातामा रु ९ लाख ५ हजार जम्मा हुन पुगेको छ । यसैबीच यसै वर्ष २०७९ सालदेखि सुरेन्द्र ढकाल फाउण्डेसनले सो कोषमा वार्षिक सहयोग रकम स्वरुप रु १ लाख ५ हजार प्रदान गर्न सुरु गरेको छ ।

प्रतिष्ठान र विद्यालयबीच सुरु भएको यस किसिमको सहकार्यले प्रत्यक्ष रुपमा सुविधाविहिन छात्रछात्रालाई फाइदा पुग्न गई आर्थिक अभावकै कारण उनीहरूलाई विद्यालय छोडन नपर्ने र उनीहरूको सिकाईमा सकारात्मक प्रभाव पर्ने अनुमान गर्न सकिन्छ ।

प्रतिष्ठानको यस किसिमको सहयोगलाई विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले ठूलो महत्व दिँदै प्रतिष्ठानप्रति विद्यालय सदैव कृतज्ञ रहने र प्राप्त सहयोगको उचित प्रयोग गर्ने प्रतिबद्धता जाहेर गर्दछ ।












निबन्ध

# मनकारी मन

छायादत्त न्यौपाने

कोही भन्छन् -'बाठो प्राणी मान्छे', केही भन्छन् -'डल्फिनभन्दा बाठो', कति भन्छन्- 'स्वार्थै स्वार्थको पोको', धेरै भन्छन्-'हेर्दामात्र दुई खुट्टे चार खुट्टेभन्दा भोको।' म भन्छु-'मान्छे परिभाषाभित्र अडिएको छैन। फुक्ने फराकिने निहुमा लथालिङ्ग पोखिएको छ, कतै उठाउन मिल्ने छ,कतै नमिल्ने गरी छर्पस्ट छरिएको छ हिलोमा पिठोजस्तै। आफ्ना आङका ढाडी लुकाएर अरूका आङको लिखा कोट्याउँदै।'

मान्छे स्वघोषणा त गर्छ, प्राकृतिक साँचोको निर्देशन पालना गररिहेको स्वीकारोक्ति दिन्छ। यसैमा अडिएर बाँचेको अभिनय पनि गर्छ। जन्मसितै मृत्युले वरण गरेको सत्य उसलाई थाहा पनि छ तर व्यवहारमा सरल र नियममा अब्बल बन्न सक्तैन। मान्छे-मान्छेबीच साइनो जन्मले गाँसिदिएको हुन्छ। त्यही साइनो पोयो पर्दै जान्छ,बाटिन्छ डोरी हुँदै मान्छे आफूलाई मान्छे हुँ भनी दाबीमै सीमित हुन्छ, आफै फुलेल बन्छ, गर्व गर्छ। त्यही दाबीको परिणामलाई मान्छेले अर्थपूर्ण ठान्छ। यस्तो एकोहोरो दाबीमा ठोक्किएका बिडम्बनाप्रति दृष्टि पुग्दैन। यहींदेखि मान्छे अपाङ्गिन थाल्छ। बढ्दै जान्छ र मन,वचन,कर्मले पूर्ण अपाङ्ग बन्छ।

मान्छे अपूर्ण अङ्गले मात्र हुँदैन, अपाङ्ग बन्दैन ! मनले अपूर्ण, विवेकले अपूर्ण, चेतनाले अपूर्ण, व्यवहारमा अपूर्ण हुन्छ, अपाङ्ग बन्छ, असाध्य किसिमको माहामारीयुक्त अपाङ्गता यस्तै हुन्छ। शारीरिक अपाङ्गको अपूर्णतालाई अर्को अङ्गले र मानवनिर्मित उपकरणको सहायताले पूर्णता दिन सकिन्छ। यसका निम्ति पूर्ण मन, पूर्ण विवेक, पूर्ण चेतना, पूर्ण व्यवहार आवश्यक पर्छ तर अपूर्ण मनलाई पूर्णता दिन कठिन हुन्छ। अरुबाट मनलाई पूर्ण पार्न सम्भव देखिँदैन।

मननै अपूर्ण भएपछि मनसँग छोइएर सञ्चालनमा आउने विवेक, चेतना, व्यवहार, अन्तरङ्ग सबै अपूर्ण। अपूर्ण मनले गरेका काम त झन् पूर्ण हुने कुरै भएन। जब मनै पूर्ण छैन त्यसले के पूर्ण गर्छ ? कसरी पूर्णता दिन्छ ? यदि मन पूर्ण छ भने उपकरणहरूको सहायता लिएर गरे पनि कार्य पूर्ण हुन्छ। मन केन्द्रित यस अदृश्य शक्तिले मान्छेलाई डोऱ्याइरहन्छ। सत्य पत्याउन सक्नेलाई यो तथ्य अपाच्य हुँदैन, बरु सहजै स्वीकार गरेर आफूलाई साँच्चै मान्छेको कोटिमा दर्ज गर्न भ्याउँछ।

मान्छे जति सुकै सक्रिय छु भनेर डम्फु बजाए पनि ऊ आफ्नो मनमझेरीबाट बाहिर निस्कन सक्तैन। मनकै सिराबाट सबै गतिविधि सुरु हुन्छन्। स्वास्थ्यकर्मी, प्राविधिक, शिक्षक, कर्मचारी, उद्योग व्यवसायी, किसान जो सुकै पनि मनमझेरीमै फनफनी घुमिरहन्छन्। परिवारको आत्मीयता मनले बचाउँछ। साथीभाइबीचको मित्रता मनले धान्छ। आफन्तको साइनो मनले बलियो बनाउँछ।

मन भए धनले खाँचो हुँदैन, मनले आँटे असम्भव भन्ने केही हुँदैन, वनको बाघले खाओस् नखाओस् मनको बाघले घुर्लुक्क निल्छ, पेट भरियो मन भरिएन, मन नमिले अभिभावक वैरी, मन नलागे आँगन टाढा, मादलको ताल सारङ्गीको स्वर, बाँसुरीको धुन कर्कसा। कुन परिस्थितिमा कसको मनले के भन्छ, के निर्णय गर्छ ? कसले के बुझ्छ ? मनको त्यही सुतलीले बाटिएर मान्छे भौंतारिएको भौंतारियै छ। यसैले मान्छेलाई मान्छेको कोटिमा स्थिर बनाउने वा उछिट्याएर पर पुऱ्याउने ! निर्क्यौल गर्छ।

मान्छे, मान्छेजस्तो बन्न सकिरहेको छैन। भावनाहरू भत्केका छन्, चोइटिएका छन्। मनले मन छुन र मान्छेले मानवता सुमसुम्याएर न्यानो स्पर्श दिन बिर्सेको छ। मानवतालाई टुक्राटुक्रा पारेर मनमझेरीभित्रै अहङ्कारको आगाले पोलिरहेको छ। असरल्ल पोखिएको अहङ्कारी मान्छेले अहङ्कारको आगामा अरुलार्ई पोलें भन्ठानेर आफै डढेको पत्तो पाएको छैन। विश्वयुद्धहरू निम्त्याएको अहङ्कार आज एक्काइसौं शताब्दीमा पनि त्यत्तिकै सक्रिय छ। उसकै बोलबाला छ, मनोपोली छ। गोराले काला माथि थिचोमिचो गरेकै छ।

होचाको मुखमा घोचो तेर्सिएकै छ। कसैले आत्मरक्षाको बन्दोबस्ती मिलाउन खोजे पाउँदैन। अर्कोले हुकुम दिन्छ तँ यसो नगर उसो नगर, मैले जे भन्छु त्यही मान भनेर आदेश गर्छ। फुर्ती झिक्छ, ताउ दिन्छ, ऊ आफू ठूलो माछा न पऱ्यो सानोलाई खाइहाल्छ 'ए, सानालाई नखा माया गर' भन्न कसले आँट गर्ने ? यस्तो चेतना, न्यायप्रेम, निर्भीकता र इमान कहाँ पाउनू ? आखिर मन न हो, ठूलो माछाको मन।

उसलाई मन लाग्यो पुगिगो, जसको प्राकृतिक सम्पदा हडपियोस् ठूलालाई सानामसिना छिमेकीको के मतलब ! सीमा मिचेर धिचे भइगो, सानाले निहु खोज्न मिल्छ ? ठूलो त ठूलै हुन्छ, मन पनि ठूलै अनि सानाले निहु खोजेर 'मन-मन बराबर' भन्न पाइयो ! आधुनिक सभ्यताभिरुहरूले मच्चाएको बिगबिगे मन त त्यतैबाट चलाइएको मुङ्गे मनमौजी मन हो नि ! जसको हातमा लौरी उसैको हुन्छ भैंसी, जो टाठो उसैको लाठो, मन हो जस्तो देख्यो त्यस्तै गऱ्यो। मनैले दिमागलाई निर्देश गऱ्यो, बन्दुक बोक्यो, अगाडि सऱ्यो मनसित मान्छे, ऊसित मन, मनकारी मन !

मन हो, नाप्ने यन्त्र छैन अनि परिभाषाको परिधि पनि। त्यसैले त अन्तरिक्षमा पुग्यो मन। अब त्यहाँ पनि एकछत्र यात्रा गर्छ, राज्य चलाउँछु भन्छ मनकारी मन। ऊ त अन्तरिक्षमै रमाउन चाहन्छ। त्यही रत्यौली खेल्छु भन्छ। कस्तो झिँगाको टाउको जस्तो आफूबाहेक अरुको अस्तित्व थाहा नपाउने मुसमुन्द्रे मन। लिखुटे मनलाई पनि कहाँ हो कहाँ ! के हो के। अरु मनले के बुझ्नु मनकारी मनले पो कुरा बुझ्छ दुनो सोझ्याउँछ, भुरा खान्छ, मोटाउँछ।

यो सृष्टिको भाले मै हुँ भन्छ। अरु मनले त मनकारी मनले जे भन्छ त्यो मान्ने न हो। उसले गरेजस्तो गर्ने होइन, मिल्दैन, गर्न पाँइदैन। उसले भनेजस्तो पो गर्ने त। नत्रभने अफगानिस्तान कुटेझैँ, इराक भुटेझैँ, सुस्ता र कालापानी लुटेझैं सानामसिना मन भुटभुटिन केबेर ! नागासाकीको मुहार र सद्दामको सास दसैंको अकासेचङ्गासरि चट होला नि ! यस्तो नगर्ने भए मनकारीले बिडम्बनाको बाँसमा झुन्डाएको आलुसरि अन्तरिक्ष घुर्लुक्क थुकसित निलेर एकलौटी दर्ता गर्न सक्थ्यो !

मनकारी हुन नखोज्ने मनजति निमुखा ! यिनले लोली मिलाएर ताली बजाउने मात्रै हो असहमति जनाउन पाईंदैन। जनाएर के गर्नु ?मनकारीले क्वाप्पै पारिहाल्छ। मनको साँचो त जति घुमाउनुछ मनमै घुमाउनुपर्छ, घुमाएर बाहिर आउन खोजेको मनकारीलाई मन पार्दैन नि ! कुरा बुझे हुन्छ।

कस्तो झिँगाटाउके मन ! प्रशान्त महासागरमा पौडिने मन, सगरमाथा छुने मन, गौतम बुद्धलाई मोबाइल गरेर पृथ्वीको यात्राका लागि निम्तो पठाउने मन। सग्लो धर्ती आफ्नै ठानेर हैकम जमाउन पल्केको छुसी मन। भित्रभित्रै मेरो सार्वभौम अस्तित्व छ भनेर पीडासित लड्डु खाने लहडी मन। अरुले बुनिदिएको झकारीलाई विश्वब्रह्माण्ड ठानेर भोज भतेर गर्ने सङ्कुचित मन, अरु आत्मनिरभर बनेर मलाई हजुर भन्न छोड्ने पो हुन् कि डरौटे मन। अरुको भाग देखेर राल काढ्ने, ठग्ने, खोस्ने जसरी हुन्छ आफैले हसुर्ने मन, धुर्त्याइँपूर्ण व्यवहारलाई बहादुरीमा परिणत गर्न खोज्ने दुष्ट मन। आखिर मन न हो मान्छेको मन।

मनकै वशमा बल्झेको छ मान्छे। 'आँटले खान्छ कि ढाँटले खान्छ' पुर्खाले गाँजा तानेको लहडमा बोलेको अभिव्यक्ति त पक्कै होइन। यो त व्यवहारको ताबामा तताएर अनुभवको हतौडाले पिटेको अभिव्यक्ति हो। विकासको बगैंचामा मालीहरू उभ्याएर आफू अटाउने निकास कार्यमा मनकारीको व्यवहारले पुर्खाको पुकार लत्याएकै छ। सामन्ती साँचो घुमाएर जनतालाई जाँतोमा पिस्दै आएको परम्परा पारखी मनकारी आफ्नो योजनामा सफल छ। जालोमा जेलिएर बाँच्ने मन्जुरीनामा लेखेर अँगुठाछाप लाउन तयार हुने हाँडी घोप्टे मनलाई गौरव सम्झिने चरी चुचे मन। चाकरी चर्खा चलाएर बाढीपहिरोमा हेलिँदा पनि खुसी हुने आजको ख्याउटे मनकै सुथरीमा अल्झिने रे ! खोइ, कस्तो हो कुन्नि स्वाभिमानी मन ! कसरी चिन्नु ?

मन त हो, कति छिटो छ कति ! भनी साध्ये छैन, गनी साध्य छैन, परिणाममा देख्न र देखाउन सकिँदैन। स्वदेशी मन, विदेशी मन, बुद्धि र विवेक प्रयोग गरेर भावनाले छामदा फेला पर्ने मन।

राष्ट्रियताको निहुमा जिउ पोस्ने नेपाली मन, देशको जिउ सुकाइदिएर राष्ट्रियतामा घिउ घसिदिने कपट नीतिपारखी विदेशी मन। मनभरि खेलाएर जनतालाई थाङ्नामा सुताउने बहादुर मन, गुम्राहामा राख्नुलाई कूटनीतिक सफलता ठान्ने मूर्ख मन, जनता झुक्याउन खप्पिस आलु नेताको मैलो मन।

देश र जनता भर्सेला परे पनि मेरो जित हुनै पर्छ, म मै हुँ, मैले भनेको सबैले मान्नुपर्छ, मैले अरुको पीरमर्का, इच्छा र स्वाभिमानको ख्याल किन गर्ने ?म त मनमौजी मान्छे, अरू जति छन् काला मेरै बाउका साला त हुन् भन्ने अजिङ्गर डाम्नाहरूको मन। अरुलाई दुःख दिएर खुसी हुने मनलाई पिट्न आँट गरेर सडकमा ओर्लने, पटक-पटक ओर्लने, सडकमै बस्ने पीडित मन। खोइ कस्तो हो कुन्नि यो मन कि त्यो मन। अन्योलमै पिङ खेल्न रमाउने मरन्च्याँसे मन। आफ्नै सुरमात्र ठीक देख्ने बेसुरको मन।

वार्ता गर्न टेबुलमा बस्ने खाजाभुजा खाने राष्ट्रलाई निकास नदिने अबुझ स्वार्थी नेतौरे मन। नियमित आय आर्जनबाट अघाउन नजान्ने लुकीछिपी खान पल्कको घुस्याहा मन। आफ्नै देश र समाजको उन्नतिबारे पटक्कै चिन्ता नलिने खालि विदेशीको हुकुम मान्न बानी परेको मन। कामका लागि होइन विरोधका निम्ति ज्यान छाडेर विरोध गर्ने विरोधी मन, नकारात्मक चिन्तनमा चाउरिएको प्रदूषित मन। जहाँ गयो जता हेऱ्यो लथालिङ्ग पसारिएको छुचुन्द्रे मन। खोइ कहाँ छ त्यो मन जसमा निजीस्वार्थ छैन, गुनियाको फेरमा अल्झिदैन, चौबन्दीको तुनाभन्दा पर राष्ट्रको नाउमा केही गर्छु भन्ने गतिलो चिन्तन पालेको साँच्चै मनजस्तो मन !

इमानजमानले बलियो पार्छ, कर्मले परिणाम दिन्छ त्यसैले कर्मयोगीहरू मुख होइन, हात खुट्टा चलाउँछन्, दिमाग प्रयोग गर्छन्, मानवताको जतन गर्छन्, नैतिकता बचाउँछन्। यसैमा विश्वास राख्ने मन यस्तो पो हो मनजस्तो मन।

हिजोआज समयको सुइ घुमाउनेहरूकै शक्ति छ, शक्तिवालकै चलखेल छ, चल खेलवालाकै बोल छ अनि त सानातिना भारेभुरेलाई नथिचेर छोड्छ थिति मिचेर बेथितिमा सल्केको मनले ? मनकारीको मन पो त यो, यसैगरी चल्छ आफूलाई मात्र सज्जन देख्ने दुर्जनहरूको भीडबाट साना देशका सोझा जनताले अरु के पाउँछन् ? मनकारीको स्यालप्रवृत्तिबाट। प्रश्नजति गरे पनि फास्टफुड रेष्टुराँको पेकिङ खाजा जस्तै एउटै छ उत्तर तयारी।

गोलाबारुद ठोकेर झुकाए हुन्छ, ठाँउठाँउमा सीमा मिचे हुन्छ, मन लागे पर्खाल उभ्याएर पानी थुने हुन्छ। मनले मागे पछि हैकम चलाएर अन्तरिक्षको बाझो पनि आफैले खाने हुन्छ। धर्मको नाममा पादरीहरूको कपट प्रयोगबाट सोझा सिधा गरिब जनतालाई पैसाको लोभ र जातीय क्षोभमा फसाएर परम्परागत पहिचान मेटाइदिनसम्म पछि नपरी हिँड्ने कस्तो महमा परेपछिको नतिजा नसोच्ने झिँगाजस्तो कुटिल मन।

खोइ कुन्नि कस्तो, कस्तो चाटुकी मन। यहाँ यस्तै भएको छ, होइन र छैन भन्ने आँटी सन्तान कहीँ कतै कोही भए मुखको बिर्को खोल्न ढिलो भएको सूचना यसैलाई माने हुन्छ। मनकारीसित भाका मिलाएर अस्तित्वसँग खेलवाड गर्ने मनको खेती गर्न छाडे हुन्छ। लहडमा लहसिन छाडेर तथ्य कुरा पत्याउन र तार्किक बहस गरेर वैज्ञानिक निष्कर्षमा पुग्न रुचाउने स्वच्छ सफा जाती मन मान्छेको मन पछ्याउन थाले हुन्छ।

यस्तो मन भए पो सबैको हित हुन्छ, व्यवहारले पनि मान्छेलाई मान्छेजस्तै देखाउँछ। सत्य तीतो हुन्छ, विवेकले थाहा पाउँछ रोग निको पार्ने औषधी तीतै हुन्छ तर मन पऱ्यो मनकारी मन, तीतो पिएर समस्त मान्छेको स्वाभिमानलाई कदर गर्ने सम्मान दिने जाती मनको चलखेलका लागि मुहूर्त जुरे हुने ! आफूलाई मात्र लाग्ने सजिलोतर्फ मुन्टिने मनसित बहकिने होइन, गम्भीर चिन्तनले थामेर फर्काई उकालोतिर डोऱ्याए पो शिखरमा पुगिन्छ। सेतो छालाले ढाकेको कालो मन पनि पखालिएर कञ्चन बन्छ नि ! नपत्याए मथिङ्गललाई अतीतसित जोडेर राम्ररी मथिने अभ्याससबाट मगजलाई मनसम्म पुऱ्याई नैतिक मूल्य र इमानको धागो नचुँड्ने व्यवहार गरी हेरौं न ल !





# नवौं एसएसइएसएआर अन्तर्राष्ट्रिय सेमिनार काठमाडौंमा हुने


काठमाडौं। धर्म, संस्कृति, कला, वास्तुकलालगायत विषयमा कार्यपत्र प्रस्तुत हुने नवौं साउथ एण्ड साउथ इस्ट एसियन एसोसिएसन फर दि स्टडी अफ कल्चर एण्ड रिलिजन (एसएसइएएसआर) अन्तर्राष्ट्रिय सेमिनार चैत १९ देखि काठमाडौंमा हुने भएको छ। ३ दिनसम्म चल्ने यो सेमिनारको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री सुदन किराँतीले गर्ने भएका छन्।

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागले आयोजना गरेको सेमिनारमा १७ देशका करिब १५० जना विषयविज्ञहरूको सहभागिता रहने यस कार्यक्रममा १२५ वटा कार्यपत्रहरू प्रस्तुत हुने आयोजक नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख सोमप्रसाद खतिवडाले जानकारी दिए। उनका अनुसार कार्यक्रममा धर्म, संस्कृति, कला, वास्तुकला आदि विषयमा अध्ययन गरिएको कार्यपत्र प्रस्तुत हुनेछ।

सन् २००५ मा पहिलोपटक भारतको नयाँ दिल्लीमा आयोजना भएको यो सेमिनार दक्षिण एसिया तथा दक्षिणपूर्वी एसियाका मुलुकहरूमा आयोजना हुँदै आएको छ। हरेक २/२ वर्षमा हुने यो कार्यक्रम एकपटक दक्षिण एशियाली मुलुकमा र अर्कोपटक दक्षिण पूर्वी एसियाली मुलुकमा गर्ने गरिएको छ।

सन् २०२१ मा म्यानमारमा गर्न लागिएको यो सम्मेलन कोरोना महामारीका कारण आयोजना हुन सकेको थिएन। सेमिनारमा नेपाली वा अँग्रेजीमध्ये एक भाषामा कार्यपत्र प्रस्तुत हुने छ। जसमा २५ जना नेपाली विषयविज्ञको सहभागिता हुनेछ भने बाँकी विदेशी विज्ञहरूको सहभागिता रहने आयोजक संस्थाले जनाएको छ। सेमिनार रविभवनस्थित नेपाल एकेडेमी अफ टुरिजम एण्ड होटल म्यानेजमेन्ट (नाथम) को कार्यालयमा हुनेछ।

# तनावले शरीरमा पार्ने असरहरू



तनाव सबैलाई छ। कसैलाई रोगको तनाव, कसैलाई ऋणको, कसैलाई बेरोजगारीको, कसैलाई कलहको। सानोतिनो कामको चापदेखि ठूला-ठूला नोक्सानीले मान्छेलाई तनावग्रस्त बनाइरहेको छ।

मनोचिकित्सक भन्छन्- तनाव एक सामान्य अनुभूति हो। अर्थात् तनाव भनेको भावनात्मक स्थिति हो। यसलाई धेरैले मानसिक समस्यासँग जोडेर हेर्छन्। तर तनाव यस्तो विष हो, जसले शरीरको कुनैपनि भागमा क्षति पुऱ्याउँछ।

त्रिवि शिक्षण अस्पताल महाराजगञ्जका मनोचिकित्सक डा. सगुनबल्लभ पन्त भन्छन्, 'तनाव मुख्य दुई प्रकारको हुन्छ। एउटा सकारात्मक तनाव र अर्को नकारात्मक तनाव।'

शरीरमा विभिन्न आन्तरिक तनाव हुन्छ। हाम्रो पाचन प्रणाली कस्तो छ, शरीरलाई आराम पुगेको छ कि छैन, शरीरमा पौष्टिक आहारको मात्रा पुगेको छ कि छैन, मुटुको चाल लगायत शारीरिक कारणले तनाव हुने पन्त बताउँछन्।

उनी भन्छन्, 'कहिलेकाहीं हामी अप्रत्यक्ष रूपमा पनि तनावमा हुन्छौं। बाल्यकालको नराम्रो अनुभूति जस्तै बुलिङ र शोषणको कुरा सम्झँदा पनि हाम्रो मस्तिष्कमा असर पर्छ र तनाव हुन सक्छ।'

'साथीभाइसँगको नराम्रो सम्बन्ध, आफूले चाहेको कुरा पूरा गर्न नसक्दा हुने हीनताबोध लगायतका कुरा भित्र गुम्सिएर बसिरहेको हुन्छ त्यो भित्री तनाव भयो,' पन्त भन्छन्, 'बाहिरी कारणमा कामको बोझ, पढाइको तनाव, सम्बन्धको तनाव र बेरोजगारीको तनाव हुन्छ।'

मान्छेलाई आघात पुऱ्याउने घटना लगातार भइरहन्छ। जस्तो, आर्थिक अवस्था कमजोर छ भने त्यो लामो समय चलिरहेको छ। कसैलाई सामाजिक रूपमा केही कुराको लाञ्छना लागेको छ त्यो पनि लामो समय चलिरहेको छ। यस्ता तनाव गराउने तत्त्व व्यवस्थापन नभएर लामो समय चलिरहन्छ भने मान्छे तनावग्रस्त भइरहने पन्त बताउँछन्।

'केही तनाव गराउने तत्त्व क्षणिक रूपमा व्यवस्थापन भएपनि त्यसले बेलाबेलामा तनावलाई जगाइदिने, बढाइदिने गर्छ। मानसिक समस्या एन्जाइटी, डिप्रेसन भएका व्यक्तिमा पनि तनाव लामो समयसम्म रहिरहन्छ,' पन्त भन्छन्।

तनाव व्यवस्थापन भयो तर कुनै घटनाले त्यो तनावलाई ब्युँझाएर फेरि समस्या बढाउन सक्ने पन्त बताउँछन्। 'मानौं कसैलाई डेंगी भएर निको भयो तर एक हप्तापछि फेरि ज्वरो आयो भने पहिले डेंगी हुँदा गाह्रो भएको कुरा सम्झेर तनाव हुन थाल्छ, फेरि डेंगी भयो कि भनेर,' उनी भन्छन्।

तनाव स्वतःस्फूर्त प्रक्रिया हो। सकारात्मक तनाव मान्छेको जीवनमा हुनु जरुरी छ। सकारात्मक तनावले कुनै पनि काम राम्ररी गर्न सहयोग गर्छ। तर तनावलाई समयमै व्यवस्थापन गर्न सकिएन वा तनावको मात्रा बढ्दै गयो भने त्यो नकारात्मक तनावमा परिणत हुने पन्त बताउँछन्।

'त्यो नकारात्मक तनावलाई व्यवस्थापन गर्न नसक्दा सोचाइ, भावना र व्यवहारमा असर गर्छ। त्यो नकारात्मक तनाव लामो समय रहिरह्यो भने दैनिक जीवन, सम्बन्ध र व्यवहार सबैमा असर गर्छ,' उनी भन्छन्।

तनाव लिंदा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा शरीरको हरेक अंगमा असर गर्छ। जब हामी तनावमा हुन्छौं, हाम्रो मस्तिष्कमा रहेको पिट्युटरी ग्रन्थिले स्ट्रेस हर्मोन 'कोर्टिसोल' रासायनिक पदार्थको उत्पादनलाई बढाउँछ। कर्टिसोलले हाम्रो शरीरको सबै नियमित प्रक्रियामा प्रत्यक्ष भूमिका खेल्ने पन्तले बताए। 'यसले मुटुको चल, खाना पच्ने प्रक्रिया, सुगरको व्यवस्थापन र थाइराइडको व्यवस्थापनमा असर गर्छ,' उनी भन्छन्।

तनावले मानसिक र शारीरिक स्वास्थ्य समस्या निम्तिन्छ। यदि तनावलाई लामो समयसम्म नियन्त्रण गरिएन भने यसले डिप्रेसन जस्ता गम्भीर मानसिक स्वास्थ्य समस्या निम्त्याउन सक्ने पन्त बताउँछन्।

यसबाहेक दीर्घकालीन तनावले उच्च रक्तचाप, मुटुरोग, मधुमेह, मोटोपन, डिप्रेसन वा चिन्तासम्बन्धी विकार, छालासम्बन्धी समस्या र महिनावारीको समस्या पनि निम्त्याउन सक्ने उनी बताउँछन्।

तनाव नै नहुने कुनै व्यक्ति हुँदैन। सुरुमा हुने सकारात्मक तनावले मानिसलाई उन्नत हुन धेरै उपलब्धि हासिल गर्न सहयोग गर्छ। तर त्यो तनाव एउटा बिन्दु भन्दा माथि पुग्छ त्यसले नकारात्मक असर गर्न थाल्छ। त्यसैले तनाव व्यवस्थापन गर्न जान्नैपर्ने पन्त सुझाउँछन्।

- नियमित दिनचर्याले तनावलाई व्यवस्थापन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। एउटै समयमा उठ्ने, सही समयमा आफ्नो काम सकाउने र सही समयमा सुत्ने व्यक्तिलाई तनावले धेरै सताउन पाउँदैन।
- दैनिक ७ देखि ८ घण्टा निदाउने व्यक्तिको तनाव व्यवस्थापन राम्ररी हुन्छ।
- दैनिक आधादेखि एक घण्टा व्यायामले पनि तनाव व्यवस्थापन गर्न सहयोग गर्छ।
- ध्यान मेडिटेसन गर्दा, परिवारसँग रमाइलो माहोलमा समय बिताउँछौ भने 'कर्टिसोल' स्ट्रेस हर्मोनको मात्रा कम हुन्छ र तनाव कम हुन्छ।
- कस्तो व्यक्तिसँग संगत गर्छौं, सामाजिक रूपमा कति घुलमिल हुन्छौं र साथीभाइसँग आफ्नो कुरा कति सेयर गर्छौं। त्यसले पनि तनावलाई असर गर्छ। त्यसैले सकारात्मक व्यक्तिको संगत, मनको कुरा साथी तथा परिवारसँग सेयर गर्दा तनाव कम हुन्छ।
- तनाव व्यवस्थापन गर्न धेरैले धुम्रपान, मद्यपानको सहारा लिन्छन्। तर यो तनाव व्यवस्थापन गर्ने प्रभावकारी उपाय होइन। यसले क्षणिक रूपमा मात्र तनाव व्यवस्थापन गर्छ दीर्घकालीन रूपमा झन् बढाउँछ। त्यसैले तनाव व्यवस्थापन गर्न यस्ता कुराबाट टाढा रहनुपर्छ।
- अहिले मानिसहरू सामाजिक सञ्जालमा धेरै समय बिताउँछन्। त्यसमा तनाव दिने खालका घटना र समाचार सम्प्रेषण भइरहेको हुन्छ। त्यसले मनलाई निराश बनाएर तनाव बढाउँछ। त्यसैले सामाजिक सञ्जालको प्रयोग समयलाई पनि घटाउनुपर्छ।
- 'हामी जे खान्छौं त्यही हुन्छौं' धेरै प्रशोधित गरिएको खानेकुरा, जंकफुड शरीरलाई बोझ हुन्छन्। त्यसैले यस्ता प्रशोधित खानाको साटो पोषणयुक्त तथा स्वस्थकर खाना खानुपर्छ जसले शरीरलाई बोझ हुँदैन र तनाव पनि कम हुन्छ।
- यी विधि अपनाउँदा पनि तनाव व्यवस्थापन भएन भने विशेषज्ञ डाक्टरको सहयोग लिनुपर्छ।

# विश्वव्यापी चुलिँदै चामल संकट



विष्णु भट्टराई



इन्डोनेसियाली किंवदन्तीअनुसार जाभा टापुलाई धान वरदानका रूपमा भगवती देवी श्रीले प्रदान गरेकी थिइन् । त्यसअघि यहाँको मुख्य खाद्यवस्तु कासाभा (सावुदाना) थियो । जमिनमुनि माटामा फल्ने कन्दमुल 'कासाभा' खाने यहाँका बासिन्दामाथि दया जागेर देवी श्रीले उनीहरूलाई हरिया सिमखेतमा धान कसरी फलाउने भनेर सिकाइन् । भारतमा हिन्दू देवी अन्नपूर्णको भूमिका यस्तै बताइन्छ । जापानीहरू धान इनारी देवीले दिएको मान्छन् । एसियाभर धान-चामललाई देवीसँग जोडिन्छ ।

धानको यस्तो मिथकीकरण बोधगम्य नै छ । हजारौं वर्षदेखि यस स्टार्चयुक्त वनस्पति अर्थात् ओरिजा सातिभा (जसलाई अक्सर एसियाली धान भनिन्छ), एसिया महाद्वीपको मुख्य खाद्यान्न रही आएको छ । विश्वको कुल धान उत्पादनको ९० प्रतिशत हिस्सा एसियाले ओगटेको छ भने खपत पनि यो महादेशले यही अनुपातमा गर्छ । एसियालीहरूले आफ्नो एकचौथाइभन्दा धेरै दैनिक



क्यालोरी चामलबाट प्राप्त गर्छन् । संयुक्त राष्ट्रसंघको आकलनअनुसार एसियालीहरूले औसतमा वर्षमा ७७ किलो चामल खपत गर्छन्, जुन अफ्रिकी, युरोपेली र अमेरिकीको कुल औसतभन्दा बढी हो । एसियाका करोडौं किसान धानबालीमा निर्भर छन् । यहाँका किसान थोरै जमिनमा भए पनि धान लगाउन रुचाउँछन् । तर, विश्वमा धानको उत्पादन घट्न थालेको छ ।

विश्वमा चामलको माग विशेषगरी अफ्रिका र एसियामा बढ्दो छ । जबकि उत्पादन भने घट्दै गएको छ । धान उत्पादनका लागि आवश्यक पर्ने जमिन, पानी र श्रम झन्-झन् कम हुँदै गएको छ । धानबालीका लागि जलवायु परिवर्तन गम्भीर खतरा बनेको छ । धानबालीलाई बढ्दो तापक्रम र बारम्बार आउने बाढीले तहसनहस बनाइरहेको छ । किनभने, धानखेतहरूले प्रशस्त मात्रामा शक्तिशाली हरितगृह ग्यास मिथेनको उत्सर्जन गर्छन् ।

बढ्दो मागले समस्यालाई झनै चर्काएको छ । सन् २०५० सम्ममा एसियामा पाँच अर्ब ३० करोड र अफ्रिकामा एक अर्ब ४० करोडबाट बढेर दुई अर्ब ५० करोड मानिस हुनेछन् । नेचर फुड जर्नलमा प्रकाशित एक अध्ययनले जनसंख्याको यो वृद्धिले चामलको मागमा ३० प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ । एसियामा केवल जापान र दक्षिण कोरियाजस्ता धनी देशहरूमा मात्र रोटी र पास्ताले भोजनमा भातको एकाधिकार तोड्न थालेका छन् ।

विश्वको कुल धान उत्पादनको ९० प्रतिशत हिस्सा एसिया महादेशले ओगटेको छ भने खपत पनि यही अनुपातमा हुन्छ । राष्ट्रसंघको आकलनअनुसार एसियालीहरूले औसतमा वर्षमा ७७ किलो चामल खपत गर्छन्, जुन अफ्रिकी, युरोपेली र अमेरिकीहरूको कुल औसतभन्दा बढी हो ।

यसैबीच, एसियामा धानको उत्पादकत्व वृद्धिदर घट्दो क्रममा छ । संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार धानको गत दशकको वार्षिक औसत उत्पादकत्व वृद्धिदर ०.९ प्रतिशत थियो, जुन त्यसभन्दा अघिल्लो दशकको १.३ प्रतिशतभन्दा कम हो । यो गिरावट दक्षिण-पूर्वी एसियामा सबैभन्दा तीव्र छ, जहाँ धानबालीको उत्पादकत्व वृद्धिदर १.४५ बाट ०.४५ मा झरेको छ । इन्डोनेसिया र फिलिपिन्स ठूलो परिमाणमा चामल आयात गर्ने स्थितिमा पुगिसकेका छन् । नेचर फुडको अध्ययनअनुसार यदि उत्पादन वृद्धि भएन भने यी देश आफ्ना ४० करोड मानिसलाई खुवाउन अन्य मुलुकमा बढ्दो रूपमा निर्भर हुँदै जानेछन् ।

यद्यपि सन् १९६० को दशकमा सुरु भएको हरित क्रान्तिको दूरगामी प्रभावका कारण वर्षौंसम्म धान उत्पादन र बढ्दो मागको तालमेल मिल्दै आयो । कम उत्पादकत्वलाई सम्बोधन गर्न फिलिपिन्सस्थित इन्टरनेसनल राइस रिसर्च इन्स्टिच्युट (आइआरआरआई)का वैज्ञानिकहरूले आइआर-८ नामक एक प्रजातिको विकास गरे, जुन मल र सिँचाइ प्रणालीको प्रयोगबाट खुबै फस्टायो । चीन अनिकालबाट बाहिर निस्किरहेको र भारत अनिकालको डिलमा पुगेको समयमा विकसित आइआर-८ आम जीवनरक्षक सावित भयो । आइआर-८ एसियाभर फैलिएपछि फिलिपिन्सदेखि पाकिस्तानसम्म धानको उत्पादनमा वृद्धि भयो । अधिक उत्पादकत्वले धानलाई अझ आकर्षक बाली बनायो । धेरैभन्दा धेरै स्रोत धानबालीमा खन्याइए । खाद्य असुरक्षाको चिन्ता घट्दा एसियाका सरकारलाई औद्योगीकरण र आर्थिक वृद्धिमा ध्यान केन्द्रित गर्न अवसर मिल्यो ।

धानका नयाँ प्रजातिहरू विकास गरेको छ, जसले यस सफलताको केही पुनरावृत्ति गर्न सक्छ । यी प्रजातिको उत्पादकत्व आइआर-८ भन्दा अझै बढी छ । साथै, यी प्रजातिमा जलवायु प्रभावसँग जुझ्ने क्षमता पनि बढी छ । पानी पनि धेरै चाहिँदैन । तैपनि, बढ्दो माग पूरा गर्न सन् १९६० को दशकको तुलनामा कठिन देखिन्छ । सहरीकरण र जमिनको अनवरत खण्डीकरणले धानखेत घटाइरहेको छ । सन् १९७१ देखि २०१६ को बीचमा भारतीय किसानसँग भएका खेतको औसत क्षेत्रफल २.३ हेक्टरबाट घटेर १.१ मा झरिसकेको छ, जुन पहिलेको तुलनामा आधाभन्दा बढीको गिरावट हो ।

यसले विशेषगरी श्रमको कमी भएको स्थानमा उत्पादकत्व वृद्धिलाई थप कठिन बनाउनेछ । खेत तयार गरेर धानको रोपाइँ गर्न, त्यसपछि गोडमेल र कटाइको झन्झटिलो प्रक्रियाका कारण एसियामा धानबालीका लागि कामदारहरू पाउन मुस्किल हुँदै गएको छ । धानबालीका लागि चाहिने अर्को महत्ववपूर्ण चिज पानी हो, जुन दुर्लभ हुँदै गएको छ । धेरै ठाउँमा रासायनिक मलखाद र कीटनाशकको अत्यधिक प्रयोगले गर्दा माटो विषाक्त हुँदै गएको छ भने क्षयका कारण माटोको तहसमेत पातलिँदै गएको छ ।

आइआरआरआईका वैज्ञानिकहरू विश्वव्यापी तापमानबाट धानबाली अन्य बालीको तुलनामा बढी जोखिममा रहेको बताउँछन् । सन् २००४ मा गरिएको एक अध्ययनअनुसार न्यूनतम तापक्रममा एक डिग्री सेल्सियसको वृद्धिले बालीको उत्पादनमा १० प्रतिशतले कमी ल्याउँछ । तापक्रम वृद्धिको अर्को दुष्परिणाम अर्थात् समुद्री सतह बढ्दा धानखेतीका लागि प्रख्यात मेकोङ डेल्टाको तल्लो क्षेत्रमा नुनको प्रवाह भएर धानको उत्पादनमा ह्रास आइरहेको छ । धान-चामलको विश्वको चौथो ठूलो निर्यातक पाकिस्तानमा गत वर्ष आएको भीषण बाढीले १५ प्रतिशत धानबाली नष्ट गरेको अनुमान छ ।

विश्व तात्नुमा धानबालीको योगदानले सकारात्मक प्रतिक्रियाको प्रतिनिधित्व गर्छ । धानखेतमा सिँचाइ गर्दा त्यहाँको माटोमा अक्सिजन कम हुन्छ । पानीले मिथेन उत्सर्जक ब्याक्टेरियालाई फस्टाउन प्रोत्साहित गर्छ । परिणमतः उड्डयन क्षेत्रको तुलनामा धानबाली कुल मिथेन उत्सर्जनको १२ प्रतिशत र कुल हरितगृह-ग्यास उत्सर्जनको १.५ प्रतिशतका लागि जिम्मेवार मानिएको छ । भियतनामको धानखेतले त्यहाँको यातायात क्षेत्रले भन्दा धेरै कार्बन उत्सर्जन गर्छ ।



चामलको पोषणको गुणस्तर अर्को बढ्दो चिन्ताको विषय हो । चामलमा ग्लुकोजको मात्रा अत्यधिक हुन्छ, जसले मधुमेह र मोटोपनमा योगदान गर्छ, जबकि महत्ववपूर्ण सूक्ष्म पोषकतत्वहरू फलाम र जिंकको मात्रा भने एकदमै न्यून हुन्छ । दक्षिण एसियामा मधुमेह र कुपोषणको व्यापकता चामलमा अत्यधिक निर्भरताको कारण भएको सहजै अनुमान लगाउन सकिन्छ ।



यति धेरै समस्याहरूलाई सम्बोधन गर्नु निकै जटिल छ । आइआरआरआईका महानिर्देशक जिन बाली पहिलो हरित क्रान्ति उत्पादकत्वको क्रान्ति थियो, अब अर्को क्रान्तिले 'एउटा दुइटा समस्या समाधानको सट्टा प्रणालीहरूमा नै ध्यान केन्द्रित गर्नुपर्छ' भन्छन् । उनका अनुसार यो संकटले धानका विभिन्न प्रजातिको विकासका साथै राम्रा नीतिहरूको पनि माग गरेको छ ।

कमजोर वा पुरानो ढर्राका सरकारी हस्तक्षेपहरू नै उत्पादकत्व र वातावरणसम्बन्धी अधिकांश चिन्ताका सर्जक हुन् । तिनले बजारलाई विकृत पारेका छन् भने परिवर्तनका लागि प्रोत्साहित गर्न सकेका छैनन् । उत्तरी भारतीय राज्य हरियाणाको एउटा सानो गाउँ बस्सी अकबरपुरका किसान सन्दीप सिंहकै उदाहरण लिऊँ । धानखेती गरे पनि उनी रोटी खान रुचाउँछन् । हरियाणाको तातो, सुक्खा हावापानीका लागि धानभन्दा गहुँ धेरै उपयुक्त बाली हो । तर, अन्य करोडौं भारतीय किसानजस्तै सिंह पनि खेतमा आलोपालो धान र गहुँ नै लगाउँछन् । किनकि सरकारले धान-गहुँको चक्रीय खेतीलाई अनुदान सहयोग दिन्छ ।

भारतले किसानबाट निश्चित मूल्यमा धान खरिद गर्छ, जुन प्रायः बजारमूल्यभन्दा माथि नै हुन्छ । त्यसपछि धानको खपतलाई बढावा दिँदै गरिबहरूलाई सहुलियत मूल्यमा चामल बेचिन्छ । धानखेतीका लागि मलखाद र पानीमा पनि अनुदान दिइएको छ । यस्ता हस्तक्षेपहरू एसियाभर नै व्याप्त छन् । यी नीति मधुमेह र वातावरणीय लागत आजको तुलनामा निकै कम चिन्ताको विषय भएको र खाद्य असुरक्षा उच्च रहेको समयमा ल्याइएका नीति हुन् ।

दशकौंदेखि जब्बर हुँदै गएको नीतिगत गाँठो फुकाउन निकै कठिन छ । किसानहरू महत्ववपूर्ण भोट बैंक हुन् । त्यसैले सरकारहरू उनीहरूलाई भड्काउने हिम्मत गर्दैनन् । कठोर तर आवश्यक उपायहरू लागू गरेको भनेर गर्व गर्ने भारतको सत्तारुढ पार्टी भारतीय जनता पार्टीले पनि यो कुरा बुझिसकेको छ । किसानहरूको कडा प्रतिवादका कारण सन् २०२१ मा ऊ आफूले ल्याएका कृषि सुधार कानुन फिर्ता गर्न बाध्य भएको थियो ।

धानको बढ्दो संकटको कुनै एउटा सिंगो समाधान नभए पनि आंशिक समाधान भने थुप्रै छन् । म्यानमार र फिलिपिन्सजस्ता उत्पादन कम भएका एसियाका केही भागमा गम्भीर वातावरणीय क्षति नपुऱ्याई मलखाद एवं कीटनाशकको प्रयोग बढाएर उत्पादकत्व बढाउन सम्भव छ ।

आइआरआरआई र अन्य अनुसन्धान संस्थाका वैज्ञानिकहरूले धानका बाढी, खडेरी र गर्मीप्रतिरोधी प्रजातिहरू विकास गरेका छन् । तिनले विकास गरेका प्रजाति अधिक पौष्टिक पनि छन् । खेतीमा भएका नवप्रवर्तन (जस्तै- सीधै बिउ छर्ने विधि)को प्रयोग गर्दा रोपाइँका लागि पानी र श्रम कम भए पनि पुग्छ । यो विधिले वातावरणीय क्षति कम गर्न र उत्पादन बढाउन पनि सहयोग गर्छ । एसियाभरिका प्रयोगहरूले यसलाई पुष्टि गरेका छन् । सन् २०२१ मा फुड पोलिसी जर्नलमा प्रकाशित एक अध्ययनअनुसार बारम्बार बाढी आइरहने बंगलादेशमा बाढी प्रतिरोधी 'सब-१' जातको धानखेती गर्ने किसानले ६ प्रतिशत बढी उत्पादन र ५५ प्रतिशत बढी नाफा कमाएका थिए । ग्लोबल फुड सेक्युरिटीले गरेको परीक्षण खेतीको समीक्षाले सुक्खा प्रतिरोधी धानका प्रजातिबाट प्रतिहेक्टर ०.८ देखि १.२ टन उत्पादन वृद्धि हुन सक्ने देखाएको छ ।

पर्याप्त मात्रामा उन्नत बिउबिजन र खेतीका उन्नत विधिहरू अपनाउनु चुनौतीपूर्ण छ । धेरै किसानलाई त यसबारे थाहासमेत छैन । केही किसान नयाँ कुरा कोसिस गर्न हिचकिचाउँछन् । सन् २०१७-१८ मा भारतका धानखेती गर्ने किसानमाथि गरिएको राष्ट्रव्यापी सर्वेक्षणले २६ प्रतिशतले मात्र सन् २००४ यता विकास गरिएका धानका जातहरू अपनाएको देखाएको थियो ।

सरकारहरूले नयाँ जात र नयाँ विधिका फाइदाहरू उजागर गर्न ठूलो भूमिका खेल्न सक्छन् । भियतनाम यो मामलामा अग्रणी देखिएको छ । उसले हालैमा १० लाख हेक्टरमा लो-कार्बन (न्यून कार्बन उत्सर्जन गर्ने) धानको खेती गर्ने महत्ववाकांक्षी योजना घोषणा गरेको छ । उसले यसलाई श्रम बचत र किफायतीपनमा सुधार गर्ने माध्यमको रूपमा पनि अपनाएको छ । आइआरआरआईका जलवायु वैज्ञानिक बिजोर्न ओले स्यान्डर उत्सर्जन न्यूनीकरणलाई किसानहरूले बोझको रूपमा बुझ्न नहुनेमा सचेत गराउँछन् । हरित क्रान्तिका लागि तलबाट माथिको दृष्टिकोण महत्ववपूर्ण हुन्छ । कृषिक्षेत्रका कामदारहरूले प्रविधिको प्रसारमा ठूलो भूमिका खेल्न सक्छन् । तर, यो कुरालाई नीति-निर्माताहरूले अक्सर उपेक्षा गर्ने गरेका छन् । अधिकांश सरकारी कृषि खर्च अनुदान र सिँचाइमा जाने गर्छ । जसले धेरै जमिन भएका धनी किसानहरूलाई नै बढी फाइदा पुऱ्याउँछ ।


धान-चामलमा जनताको निर्भरता कम गर्न सरकारले थुप्रै काम गर्न आवश्यक छ । भारतको आग्रहमा संयुक्त राष्ट्रसंघले सन् २०२३ लाई 'कोदो वर्ष' घोषणा गरेको छ । धान र गहुँभन्दा निकै पोषिलो र निकै कम पानी आवश्यक पर्ने यो बालीमा किसान र उपभोक्ता दुवै आकर्षित हुने भारतको अपेक्षा छ । इन्डोनेसियाले पनि यस्तै गरिरहेको छ । आज दिल्लीका स्वास्थ्यप्रति सचेत केही व्यक्तिले मात्र चामलको सट्टा कोदोको यिर्बानी रोज्छन् । तर, जेकुरालाई सम्भ्रान्तवर्गले नेतृत्व गर्छन्, त्यसलाई आमजनताले अक्सर पछ्याउँछन् । यदि कोदोको ठूलो बजार सिर्जना भयो भने त्यसले किसानहरूलाई अझ धान उत्पादन गरिरहेका किसानहरूलाई समेत विविधीकरणका लागि अभिप्रेरित गर्नेछ ।

पहिलो हरित क्रान्तिले एसियाको अनिकालको विपत्तिलाई टारेको थियो । अहिले परिस्थिति त्यस्तो नाजुक छैन, तर चुनौती केही अर्थमा अझ ठूलो छ । देशहरूले कम प्रयासमै र वातावरणको धेरै ख्याल राख्दै धेरैभन्दा धेरै उत्पादन गर्न आवश्यक छ । र, यही मात्र वास्तविक हरित क्रान्ति हुनेछ भन्छन्, आइआरआरआईका प्रमुख बाली । त्यो क्रान्तिको प्रतिफल पनि अभूतपूर्व हुन सक्छ । अधिक दिगो खेती र बढ्दो उत्पादनले किसानहरूलाई उच्च र स्थिर आय प्रदान गर्नेछ । यसले उनीहरूलाई जलवायु परिवर्तनसँग अनुकूलन हुन मद्दत गर्नेछ भने जलवायु परिवर्तनमा बालिनालीको योगदान कम गर्न सघाउनेछ । यो सफलताले निश्चय नै एसियाली र विश्वकै लागि खाद्य सुरक्षाको प्रत्याभूति दिलाउन मद्दत गर्नेछ ।

**-द इकोनोमिस्ट**

प्रेरक

## नोक्सान चिन्नुहोस्



चुनावको समय थियो । लालबहादुर शास्त्री आफ्ना सहयोगीका साथ गाउँमा चुनाव प्रसारमा व्यस्त थिए । एकपटक उनी केही सहयोगीहरूका साथ चुनाव प्रचारको दौरान गाउँगाउँमा जाने कार्यक्रमका लागि हिँडे । गाउँ निकै टाढा थियो । शास्त्री र उनका समर्थकहरू हिँड्दा हिँड्दै भोकाउन थालेका थिए ।

बाटोमा खेत पर्थ्यो । सो खेतमा हरियो मोटरकोसा लटसम्म फलिरहेका थिए । शास्त्रीका सहयात्रीहरूले मोटरकोसा खाने इच्छा व्यक्त गरे । शास्त्रीले अलिपर एक किसान उभिइरहेको देखे । उनी किसानसमक्ष पुगे र साथीहरूले मोटरकोसा खान चाहेको किसानसँग बताए । किसानले शास्त्रीलाई चिनिहाले ।

किसानले धमाधम मोटरकोसा टिप्न थाले । शास्त्रीले भने धेरै नटिप्नोस् मोटरकोसा थोरै भए पनि पुग्छ । किसानले भने– हैन हजुर जति टिपे पनि केही फरक पर्दैन । शास्त्रीले सोधे किन ? धेरै फलेको छ मोटरकोसा जति खाए पनि नोक्सान पर्दैन । तब शास्त्रीले किसानलाई भने– तपाईंले यस्तो गर्नु हुँदैन । यो तपाईंको मात्र नोक्सान होइन । देशकै नोक्सान हो । शास्त्रीको कुरा सुनेर किसानले मोटरकोसा टिप्नै छोडे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

ठूला व्यक्तिहरू प्रतिस्पर्धामा उत्रिने समय रहेकाले सावधानीसाथ काममा उत्रनुपर्ला । अप्ठ्यारो समयमा सहयोगीहरूले साथ नदिन सक्छन् । तर काम बिग्रने भयले सताए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । इर्ष्या गर्नेहरूलाई पनि मिहिनेतको पाठ सिकाउन सकिनेछ । दोहोर्याएर प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ ।

### वृष

शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । पढाइलेखाइमा प्रगति हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । गुरुजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ ।

### मिथुन

परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । तत्काल श्रम परे पनि पछि फाइदा लिन सकिनेछ । बलभन्दा बुद्धिको उपयोगले काम बन्नेछ । शुभचिन्तकहरूले साथ दिनेछन् भने पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । पहिलेका सम्झौता भने तोड्नुपर्ने स्थिति आउन सक्छ । रोकिएका काम दोहोर्याउनुपर्ला । अभिभावकका माध्यमबाट फाइदा उठाउन सकिनेछ ।

### कर्कट

बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ । प्रयत्न गर्दा राम्रै अवसर जुट्नेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ । भौतिक साधन जुट्नाले दिगो योजना प्रारम्भ होला । व्यापारमा मनग्गे धनलाभ हुनेछ । सेवामूलक कामबाट प्रतिष्ठा पाइनेछ ।

### सिंह

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । बोलीको भरमा चिताएको काम सम्पादन हुनेछ । आफ्नो क्षेत्रमै प्रभाव जमाउन सकिनेछ भने सम्मानित स्थान प्राप्त हुन सक्छ । तारिफयोग्य कामले राम्रो उपलब्धि दिलाउनेछ । सानो प्रयत्नले फाइदा बढ्नेछ । व्यापारमा पनि प्रशस्त लाभ हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । दाम र नाम कमाउने समय छ ।

### कन्या

बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । मनपर्ने वस्तु, उपहार प्राप्त हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू पनि बढ्नेछन् । रचनात्मक कामले मनग्य धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ । सुन्दर पहिरनले व्यक्तित्वमा आकर्षण ल्याउनेछ ।

### तुला

खर्चको जोहो गर्न अलि दौडधुप गर्नुपर्ला । अवसरको खोजीमा आफन्त र परिवारबाट टाढिनुपर्ने हुन सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ । खर्च लागे पनि दिगो काम फेला पर्नेछ । चुनौती पन्छाउँदै रोकिएका काम सम्पादन गर्न सकिनेछ । धन र बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ । आम्दानीका स्रोत बढ्नेछन् ।

### वृश्चिक

भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा पनि राम्रै फाइदा हुनेछ । तर लगानीतर्फ लागत बढ्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हात पार्न केही समय लाग्नेछ । आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन् । इर्ष्या गर्नेहरूबाट सजग रहनुहोला । पछिका लागि गरिएको लगानीबाट भने फाइदै हुनेछ । परिवार तथा आफन्तजनहरुबाट सहयोग मिल्नेछ ।

### धनु

आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । अवसरका लागि केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । समयमा लगनशील बन्न नसक्ता अलि पछि परिनेछ । नयाँ जिम्मेवारी पाइनेछ । तर, उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला । स्वार्थका लागि सम्बन्ध गाँस्नेहरूले धोका दिनेछन् । संघर्षपूर्ण काम गर्नुपरे पनि जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

### मकर

नसोचेको अवसरले नयाँ जिम्मेवारी दिलाउन सक्छ । टाढिएका साथीभाइ नजिकिनेछन् भने मित्रता नै दिगो लाभको संवाहक बन्न सक्छ । शुभचिन्तकहरूले साथ दिनेछन् । चुनौतीहरू स्वतः हट्नेछन् भने कर्मयोग र आम्दानीले पछ्याउनेछन् । धेरैले कामको तारिफ गर्नेछन् । सामाजिक नेतृत्व अथवा पदीय जिम्मेवारी प्राप्त हुन सक्छ । मान-प्रतिष्ठा कमाउने बेला छ ।

### कुम्भ

प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । गलत व्यक्तिको विश्वास गर्दा काम रोकिन सक्छ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला । गोपनीयता बाहिरिनाले पनि समस्या आइपर्ने देखिन्छ । विशेष उपलब्धिका लागि भने केही समय प्रतीक्षा गर्नुपर्ला । स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ । यात्रा अलि कष्टपूर्ण हुनेछ ।

### मीन

खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ । केही विवादास्पद कामको जिम्मेवारी वहन गर्नुपर्ला । काम गर्ने अवसर प्राप्त भए पनि भेटघाट र शिष्टाचारले अलमल्याउन सक्छ । सम्बन्ध सुमधुर बनाइराख्न व्यवहारमा सजग रहनुहोला । भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ । साथीभाइको सहयोगले उत्साह मिल्नेछ । प्रेमिकासँगको मिलनले मन प्रसन्न रहनेछ ।

# चीनमा खुल्यो नेपाली भाषा कक्षा

बेइजिङ – नेपालको पर्यटन तथा व्यवसायप्रति बढ्दो चासोसँगै चीनका विभिन्न विश्वविद्यालयमा नेपाली भाषाका कक्षाहरू चिनियाँ शिक्षार्थीको आकर्षण बन्न थालेका छन् । हालसम्म चीनभर आधा दर्जनजति नेपाली भाषाका कक्षा चलिरहेका छन् ।

भर्खरै दक्षिणपूर्वी चीनको च्याङ्सी प्रान्तको नानछाङ्स्थित इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजी (ईसीयूटी)मा नेपाली भाषा कक्षा सुरू गरिएको छ ।

विश्वविद्यालयमा शुक्रबार आयोजित 'भाषा संचार तथा सांस्कृतिक आदानप्रदान' विषयक कार्यक्रममार्फत् भाषा कक्षाको शुभारम्भ गरिएको हो । सोही अवसरमा अनलाइन तथा अफलाइन माध्यमबाट सहभागी नेपाली तथा चीनका विज्ञहरूबीच अन्तर्क्रिया समेत गरिएको विश्वविद्यालयको जिओफिजिक्स विभागमा कार्यरत नेपाली सह-प्राध्यापक डा. तारा बन्जाडेले जानकारी दिए । उनले चिनियाँ नयाँ पुस्ताले नेपाली भाषा अध्ययनमा देखाएको अभिरुचीबाट जनस्तरीय सम्बन्ध विस्तारमा सहयोग पुग्ने देखेर युनिभर्सिटीले नेपाली भाषा कक्षा चलाउन लागेको बताए ।

चीनमा लागि पूर्वनेपाली राजदूत लीलामणि पौड्याल, अरुणिमा कलेजका प्रमुख केशव जोशी, त्रिभुवन विश्वविद्यालय कन्फ्युसियस इन्स्टिच्युटका निर्देशक सिन लुकाओ, प्राध्यापक बालमुकुन्द रेग्मीले भिडियो मार्फत् भाग लिएका थिए । चिनियाँ पक्षबाट नेपाली भाषा कक्षाका पहलकर्ता ईसीयूटीअन्तर्गत स्कुल अफ फरेन ल्याङ्ग्वेजका डिन, प्राध्यापक लिउ युएमिङ, पार्टी सचिव प्राध्यापक ये चौ, इन्टरनेशनल स्कुलका डिन वाङ च् छङ् लगायत उपस्थित थिए ।

नेपालमा उद्योग व्यवसाय तथा पर्यटन क्षेत्रमा संलग्न हुने चिनियाँहरूको संख्या बढ्दै गएकाले नेपाली भाषा कक्षाको माग भएको प्राध्यापक लिउ युएमिङले बताए । उनले भने, 'नेपाली भाषा अध्ययन अत्यावश्यक भएको छ । व्यवसाय र पर्यटनका लागि नेपाली भाषाको माग बढ्दो छ ।'

# सोमालियामा खडेरी : ४३ हजारको मृत्यु



सोमालियामा पछिल्लो वर्षा सन् २०२१ मा भएको थियो । त्यसयता वर्षा हुन सकिरहेको छैन । लामो खडेरीका कारण बालीनाली चौपट भयो । गाईबस्तु मरे । भोक र रोगका कारण थुप्रै मानिस मर्न थालेपछि उनीहरू व्याकुल भएर आकाशतिर हेर्न थालेका छन् । संयुक्त राष्ट्रसंघ र सोमालिया सरकारले सार्वजनिक गरेको एउटा नयाँ प्रतिवेदनअनुसार भोकमरीबाट गत वर्ष सोमालियामा ४३ हजारभन्दा बढीको मृत्यु भएको थियो । मृत्यु हुनेमध्ये आधाजति पाँच वर्षमुनिका बालबालिका थिए ।

अहिलेको भोकमरी सोमालियाको सन् २०१०-११ को अनिकालयताकै घातक अनिकाल हो । सन् २०१०-११ को अनिकालले दुई लाख ६० हजार मानिसको ज्यान लिएको थियो । थामिनुअघि यो दुर्भिक्ष अझै खराब हुँदै जानेछ । लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिनका अनुसन्धाताले आउँदा महिनामा खडेरीका कारण यहाँ हरेक दिन एक सय ३५ जनाको मृत्यु हुने अनुमान गरेका छन् । भोकमरी मापन गर्ने संयुक्त राष्ट्रसंघको निकाय 'इन्टिग्रेटेड फुड सेक्युरिटी फेज क्लासिफिकेसन (आइपिसी)' का अनुसार ६५ लाख सोमालियालीले अप्रिलदेखि जुन महिनाको बीचमा खाद्य असुरक्षालाई 'संकट', 'आपत्काल' वा 'विपत्ति'को स्तरमा सामना गर्नेछन् ।

अहिलेको खडेरी यो क्षेत्रको ४० वर्षयताकै खराब खडेरी भएको छ । खडेरी सोमालियादेखि केन्या, जिबुटी र इथियोपियासम्म विस्तारित भएको छ । ती देशमा पनि दशौं लाखौं मानिस भोकमरीमा परेका छन् । यो खडेरी ला नीनासँग सम्बन्धित छ । प्रशान्त महासागरको आर्दतालाई चिसो बनाउने यो प्रणालीले विश्वभरकै मौसमी ढाँचालाई असर गर्छ । र यो तीन वर्षपछि अहिले केही मत्थर भएको छ । यसको प्रभाव जलवायु परिवर्तनका कारण बढेको हुन सक्छ । तर, जलवायु परिवर्तनका लागि सोमालियाका जनतालाई कदापि दोष दिन सकिँदैन । किनभने, सन् १९६० मा स्वतन्त्र भएयता अहिलेसम्म सोमालियाले गरेको जति कार्बन-डाइअक्साइड उत्सर्जन अमेरिकीहरूले साढे दुई दिनमा गर्छन् ।

समस्यालाई त्रासदीमा परिणत गर्ने दुईवटा कारण छन् । पहिलो हो रुसले युक्रेनमाथि गरेको आक्रमण । युद्धअघिसम्म युक्रेनले सोमालियाको गहुँ आयातको ९० प्रतिशत हिस्सा ओगट्थ्यो । सन् २०१७ मा सोमालियाले अघिल्लोपटक खडेरीको सामना गरिरहँदा तत्कालै आएको मानवीय सहायताले मानिसहरूको ज्यान जोगाएको थियो । यसपटक युक्रेन युद्ध (सँगसगै कोभिड- १९) का कारण सहायता नै ढिलो पुग्यो ।

दोस्रो चुनौती भनेको असुरक्षा हो । अल कायदासँग सम्बद्ध अल सबाबले सोमालियाका अधिकांश ग्रामीण इलाकामाथि नियन्त्रण जमाएको छ । अगस्टपछि भने सोमालियाली सेना र जातीय मिलिसियाहरूले तिनलाई देशको मध्य भागबाट केही बाहिर धकेलेका छन् । तर, जिहादीहरू देशको दक्षिणी क्षेत्रमा बलियो पकड जमाएर बसेका छन्, जहाँ भोकमरीको अवस्था थप गम्भीर छ । त्यहाँ जान सहायताकर्मीहरू अपहरण वा मारिने डरमा छन् ।

– द इकोनोमिस्ट

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Qualms = असजिलो किसिमको डर Helen is professional, I have no qualms about giving her such assignment हेलन दक्ष भएको हुँदा यो काम उनलाई सुम्पन मलाई कुनै असजिलोपन वा डर छैन ।

Runic = पुरानो लिपि The inscription of Changu Narayan is written in runic script चाँगुनारायणको शिलालेख पुरानो लिपिमा लेखिएको छ ।

Stolid = कुनै इच्छा नदेखाउने प्रवृत्ति He shows his feeling in a stolid manner ऊ आफूलाई लागेको कुरा स्पस्ट राख्ने इच्छा देखाउँदैन ।

Unseemly = अपरिपक्व, कमजोरीपूर्ण For his unseemly conduct, everyone criticized her उनको अपरिपक्व व्यवहारले गर्दा सबैले उसको आलोचना गरे ।

Vulnerable = सजिलै शोषित हुने, नाजुक वा दुखित हुने The condition of women in third world country is vulnerable तेस्रो विश्वका देशहरूमा महिलाहरूको स्थिति ज्यादै नाजुक छ ।

Writhe = स्प्रिङजस्तो घुमेको, दुखाइले छटपटाउनु The patient was writhing on his bed रोगी दुखाइले गर्दा ओछ्यानमा छटपटाइरहेको थियो ।

Apathy = कुनै कुराप्रति मतलव वा चाख नराख्ने प्रवृत्ति People in least developed countries tend to show apathy towards democracy because it has failed to furnish their basic needs कम विकसित देशका जनताहरू प्रजातन्त्रप्रति मतलव राख्ने गर्दैनन् किनकि प्रजातन्त्रले उनीहरूको आधारभूत आवश्यकता पूर्ति गर्न सकेको छैन ।

Brook = सहनु वा सहिष्णुता प्रदर्शन गर्नु A strict teacher never brooks nonsense from his pupils एक कडा गुरुले विद्यार्थीहरूले गरेको नचाहिने क्रियाकलाप कहिल्यै सहँदैनन् ।

Contention = ठोकुवा वा निश्चित भनाइ It is my contention that if you try your best you can score higher म ठोकेरै के भन्न सक्छु भने यदि तिमीले राम्रो प्रयास गर्‍यौ भने उच्च अंक प्राप्त गर्न सक्छौ ।

Disingenuous = परिपक्व । अनुभवी Young though he is, his remarks indicate that he is disingenuous उमेरमा कच्चै भए तापनि उसका अभिव्यक्तिहरूले उ परिपक्व भएको जनाउँछ ।

# Clear बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Clear after = पश्चात सफा The sky cleared after the storm हुरिबतास पश्चात आकास सफा भयो ।

Clear away = हराएर जानु Mist had cleared away immediate ater sun rise सूर्योदय पश्चात हुस्सु हराएर गयो ।

Clear something = छुटाउनु It might take hours to clear the goods from customs भन्सारबाट मालसमान छुटाउन घन्टौं लाग्छ ।

Clear something = सफा गर्नु Do not forget to clear the table after the lunch दिउँसोको खाना पश्चात टेवल सफा गर्न नबिर्स ।

Clear something = बैना बट्टा गर्नु Even after a long discussion they could not clear the deal लामो छलफलपछि पनि तिनीहरूले बैनाबट्टा गर्न सकेनन ।

Clean from = बाट हटाउनु It takes some time to clear the rubbish from the street सडकबाट फोहोर हटाउन केही समय लाग्छ ।

Clear of = बाट मुक्ति पाउनु Finally she was cleared of all the charges अन्तमा तिनी सबै दोषहरूबाट मुक्त भइन ।

Clear for = अनुमति दिनु The tower has not cleared the plane for take-off उडनको लागि टावरले प्लेनलाई अझै अनुमति दिएको छैन ।

Clear by = सुरक्षा जाँच सक्नु As she is not yet cleared by the authority, take-off might be delayed तिनको सुरक्षा जाँच अझै नसकिएकोले उडान ढिला हुन सक्छ ।

Clear something for = दिनु It is risky to clear this article for publication यो लेख छाप्न दिनु खतरापूर्ण छ ।

## सुडोकु–अंक २९६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | | ८ | | | | ५ | |
| १ | ७ | | | | ५ | | ४ | ३ |
| | | | | १ | | | ६ | |
| | | १ | २ | | ६ | | | |
| | | ५ | | | | ७ | | |
| | | | ४ | | ३ | ८ | | |
| | ९ | | | ४ | | | | |
| ५ | ३ | | १ | | | | ८ | २ |
| | १ | | | | ८ | | ३ | |

## अंक २९५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | ९ | १ | ४ | ३ | ७ | ८ | ५ | ६ |
| ५ | ६ | ७ | ९ | ८ | १ | ४ | २ | ३ |
| ४ | ३ | ८ | ५ | ६ | २ | १ | ९ | ७ |
| ९ | २ | ६ | ३ | १ | ४ | ५ | ७ | ८ |
| ८ | ७ | ३ | ६ | ५ | ९ | २ | १ | ४ |
| १ | ४ | ५ | २ | ७ | ८ | ३ | ६ | ९ |
| ३ | १ | ९ | ७ | ४ | ५ | ६ | ८ | २ |
| ६ | ८ | २ | १ | ९ | ३ | ७ | ४ | ५ |
| ७ | ५ | ४ | ८ | २ | ६ | ९ | ३ | १ |

## निजामती सेवामा नवीन प्रतिभाको पहिचान गर्न

- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारी सहभागी बनौं,
- सुशासनका लागि निजामती कर्मचारीले आफ्नो प्रतिभाको पहिचान गरौं,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट हेर्ने गरौं र
- निजामती सेवालाई फरक ढंगले हेर्दै थप क्रियाशील, व्यावहारिक र व्यवस्थित बनाउने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# Respect and Reverence of the World

A great man is immortal for his outstanding ideology and undying exploits.

President Kim Il Sung (1912-1994), eternal leader of the Korean people, authored the unique Juche idea that man is the master of everything and decides everything, that is, the masses are the masters of the revolution and construction and they have the strength with which to propel them, thus illuminating the road ahead of the Korean people and other progressive peoples across the world. As the Korean people was led by Kim Il Sung who firmly believed in them and gave free rein to their great strength,they could defeat the US, which had been boasting of being the "strongest" in the world, in the three-year Korean war, and build a socialist country, independent in politics, self-supporting in the economy and self-reliant in national defence, on debris left by the war. Thanks to his politics of loving the people, universal free medical care and free compulsory education were enforced in the country and a people-centred socialist system was built, in which the people are the master of everything and everything serves them. The Juche idea he authored and the energetic external activities he conducted provided the progressive peoples of the world with guidelines for building a new, independent world.



For his outstanding ideology and immortal exploits, Kim Il Sung enjoyed boundless respect and reverence of the international community.

In the last days of his life Chairman Mao Zedong of China said that President Kim Il Sung was the one and only man who can guide the world revolution, sincerely requesting him to continue to guide the world revolution and international communist movement in the future, too. Cuban leader Fidel Castro said that Comrade Kim Il Sung was the most veteran and authoritative statesman among the heads of state in the world.Former US president Jimmy Carter said that President Kim Il Sung was greater than three American presidents who had represented the nation building and destiny of the United States–George Washington, Thomas Jefferson and Abraham Lincoln–put together.

This happened when President Kim Il Sung visited Yugoslavia to attend the funeral of Josip Broz Tito in May 1980.

Over 40 heads of state and government, over 200 delegations and delegates and political, social figures and other personages from different countries visited this country to attend Tito's funeral. At that time, the French newspaper *Le Monde* wrote as follows, "It is noteworthy that President Kim Il Sung, who is a staunch champion of the non-aligned movement, is attending thefuneral." And the American newspaper *New York Times* carried a photo of President Kim Il Sung on the front page when covering the news of arrival by heads of state at Yugoslavia.

The Yugoslavian leaders ensured that President Kim Il Sung took his place at the centre of the leaders of other countries, and that he sat on a chair at the centre of the first row while other heads of state stood on the stairs. On hearing the news, a Japanese journalist said, "President Kim IlSung's visit to Yugoslavia caused a world-wide sensation. It is a great, marvelous event, indeed. Kim Il Sung is a great man and a pride of Asia."

The then executive secretary of Presidium of the Central Committee of Yugoslav League of Communists said, "I was greatly surprised to see many heads of state standing in a row to meet President Kim Il Sung. Though heads of big countries stood near him, several heads of state were not interested in them but approached him to see him. Witnessing this scene, I keenly realized that President Kim Il Sung is a great leader who is enjoying boundless respect and reverence of humanity."

## Non-aligned Movement--Powerful Motive Force for Global Independence



As an important component of the world anti-imperialist and independent forces, the non-aligned movement serves as a powerful motive force in the struggle for global independence.

Through history, the non-aligned movement has fulfilled its duty as a powerful motive force for global independence in the progressive people's struggle for independence, peace and progress from the first period of its development up to now.

The non-aligned movement serves a powerful motive force in the struggle for global independence because it has been expanded and strengthened its ranks constantly with developing countries and progressive countries aspiring after anti-imperialism and independence in the whole period of its historical development. Unlike the first period of its formation, it has become the most wide-ranging international movement covering many population and over 120 countries in the 5 continents of the world.

It is also because it has made active efforts to repulse the imperialist aggression and intervention and settle all problems arising in the international arena in keeping with demand and interests of the progressive people, with anti-imperialism and independence as its basic ideal and banner.

Balance of forces between the progressive and the reactionary has been changed remarkably and the global independence process promoted dynamically by the definite position and positive role of the non-aligned movement as a powerful motive force for global independence.

In the present century, too, the non-aligned movement becomes the progressive movement that opposes all sorts of domination and subordination and aspires after independence, the strong revolutionary force of the present era that confronts with imperialism and the powerful force for global independence.

Today the non-aligned movement holds full-fledged position in the international arena and its role is being enhanced as the days go by.

## Clear Demonstration of Will for Physical Response

Entering this year the US and its vassal forces have staged five dangerous war games including a joint air drill and US-south Korea joint military exercise in a row. To cope with their war moves that have reached the critical point, the DPRK conducted a firing drill of ICBM *Hwasongpho-17* on March 16.


The ICBM climbed up to the highest altitude of 6 045km and flew a distance of 1 000. 2km for 4 151 seconds before landing on the target area in the open waters of the East Sea of Korea.

On the 18th and 19th the country conducted its tactical nuclear operation units'combined tactical drill simulating nuclear counterattack. The launched tactical ballistic missile exploded accurately at the height of 800m above the target area on the East Sea of Korea, set in its 800km strike range.

The drills were aimed at sending the enemy a stronger warning and bringing home to them the concern over an armed conflict which became a threatening reality. And they clearly demonstrated the country's tough will for physical response.



ICBM *Hwasongpho-17*fired in a drill on March 16





ICBM *Hwasongpho-17* flying into the space



cene from the combined tactical drill simulating nuclear counterattack stage March 18 and 19 to demonstrate the DPRK's tougher will for physical sponse and send a warning to the hostile forces

## विश्वका...

सय तीन स्थान माथि उक्लिँदै १६ सय ४७ औं स्थान बनाउन सफल भएका छन्। यस अघि उनी सन् २०२२ फेब्रुअरी २० को रियल टाइम बिलिनयर्समा १८ सय ७० स्थानमा थिए।

## नक्कली...

नमुनामा ८ वटा विद्यालयको सेन्टर रहेको छ। 'प्रवेशपत्रको फोटोमा शंका लागेपछि परीक्षार्थीको जन्म मिति सोधेको थिए। भन्न नसकेपछि केरकार गर्दा नक्कली रहेको थाहा भयो,' परीक्षा केन्द्र अध्यक्ष लुईटेलले भने। सरस्वती स्कुलमा ११ वटा कोठमा परीक्षा भइरहेको छ। ११ मध्ये ७ वटा कोठाबाट ५२ जना नक्कली परीक्षार्थी भेटिएको हो।

## राजनीतिक...

फर्काउन सुविचारित पहल गर्न सरकारले सकेको छैन। दुई महिनापछि ल्याउनुपर्ने बजेटलाई वास्तविक र नागरिक आकांक्षाको प्रतिविम्बका रूपमा विकसित गर्न गृहकार्य गर्नुपर्ने बेलामा सरकारको अर्जुनदृष्टि उपनिर्वाचनमा सत्ता गठबन्धनका उम्मेदवारलाई जिताउन केन्द्रित भइरहेको छ।

विभिन्न देशमा कानुनी राज कस्तो छ भनेर बर्सेनि प्रतिवेदन प्रकाशित गर्ने वर्ल्ड जस्टिस प्रोजेक्ट (डब्लुजिपी) का अनुसार नेपालमा विधिको शासन खस्किँदैछ। विगत आठ वर्षमा नेपाल २१ स्थान तल झरेको छ। सन् २०१५ मा ४८ औं स्थानमा रहेको नेपाल सन् २०२२ सम्म आइपुग्दा ६९ औं स्थानमा झरेको छ। आगामी वर्षहरूमा नेपालको स्थान अझै घट्नेमा विज्ञहरू चिन्तित छन्। संविधान, ऐन र कानुनमा भएका तर व्यवहारमा नभएका व्यवस्थाले विधिको शासनलाई कमजोर बनाउँदै लगेको कानुनविद्हरूको विश्लेषण छ। संविधानअनुसार प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य र शिक्षाको हक छ, रोजगारीको सुनिश्चितता छ। व्यवहारमा भने उपचार नपाएर नागरिकको मृत्यु भइरहेको छ। उपचार महँगो भएकाले नेपालमा प्रत्येक वर्ष पाँच लाख मानिस गरिबीको रेखामुनि पर्ने गरेको तथ्यांकहरूले देखाएका छन्। रोजगारी पाउने हक भए पनि हजारौं युवा प्रत्येक दिन देश छोडिरहेका छन्। अनुमानित ६० लाख युवाहरू वैदेशिक रोजगारीका सिलसिलामा खाडी मुलुकहरू मलेसिया, युरोपेली मुलुकहरू र अफ्रिकी मुलुकहरूमा पसिना बगाइरहेका छन्। छिमेकी मुलुक भारतमा कति नेपालीहरू कामदारहरू रहेका छन् भन्ने तथ्यांक सम्बन्धित निकायसँग छैन। सुदूर पश्चिम क्षेत्रका बासिन्दाहरू प्रायशः भारतीय श्रम बजारमा कष्टप्रद काम गर्न बाध्य छन्। भारतमा नेपाली भाषीहरूको संख्या झन्डै डेढ करोड रहेको अनुमान गरिन्छ। यसमध्ये रोजगारीका लागि गएका नेपालीहरूको संख्या कति छ ? यसको अभिलेख सरकारसँग छैन।

यी केही उदाहरण हुन् जसले नेपालको कानुनी राज कमजोर हुँदैछ भनेर पुष्टि गर्छ। यो स्थितिमा सुधार हुनुको सट्टा स्थान तल झर्नु राष्ट्रिय रूपमै असहजको संकेत हो। संविधानले प्रत्याभूत गरेका व्यवस्थालाई कार्यान्वयन तहमा ल्याउन संघीय, प्रादेशिक र स्थानीय तहले बनाउनुपर्ने कयौं कानुन बनेका छैनन्, बनेका कानुन पनि विरोधाभासपूर्ण छन्। मौलिक हकसँग सम्बन्धित कानुनको परिपालना नै भएको छैन। कानुन बन्ने तर कार्यान्वयन नहुने स्थितिले विधिको शासनलाई चुनौती दिइरहेको छ। सय दिनको उपलब्धि भन्दै सरकारले ३७ बुँदे फेहरिस्त चैत २१ गते सार्वजनिक गरेको छ। सरकारले देखाएको उपलब्धि कागजमा मात्र सीमित छ व्यवहारमा भने देखिएको छैन। सायद यसैलाई मध्यनजर गरेर प्रमुख प्रतिपक्ष दल एमालेले सरकारको सय दिन उपलब्धिविहीन भएको प्रतिक्रिया दिएको हुनुपर्छ।

तर यसमा एमाले पनि त्यत्तिकै जिम्मेवार छ। सरकारका सय दिनमा एमाले ७० दिन सरकारमा बसेको छ। गत पुस १० गते एमाले अध्यक्ष केपी ओलीको बालकोटस्थित महलको बार्दलीबाट झरेर दलबलसहित शितलनिवास पुगेर प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भएका हुन्। प्रचण्ड सरकारका नीति तथा कार्यक्रमहरू ओलीले नै तयार गरेका हुन्। प्रचण्डलाई साइडमा राखेर ओलीले नै सरकारका नीति तथा कार्यक्रम भन्दै एउटा फेहरिस्त वाचन गरेर सुनाएका हुन्। प्रधानमन्त्री पदमा प्रचण्ड आसिन भए पनि फागुन १५ गतेसम्म महत्वपूर्ण मन्त्रालयहरूसहित एमालेले नै सत्तामा हालिमुहाली गरेको हो। संसदमा एक एक सिट भएका राजमो र नेमकिपाबाहेक यो सय दिनको अवधिमा सबै दल सरकारमा सामेल भएका छन्। सबैभन्दा धेरै माओवादी केन्द्रका मन्त्रीहरूले बिताएका छन्। त्यसपछि सबैभन्दा धेरै मन्त्रालय र धेरै समय एमालेका मन्त्रीहरूले प्राप्त गरे। एमालेपछि रास्वपा, राप्रपा र जनमत पार्टी पनि सरकार चलाउने मध्येमै पर्छन्। गत सातादेखि कांग्रेस पनि सरकारमा सामेल भएको छ। दुई मन्त्रालयका साथ नेकपा एस, एक एक वटा मन्त्रालय लिएर जसपा, लोपसा र नागरिक उन्मुक्ति पार्टी सरकारमा सामेल भएका छन्। दुई महिनाअघि खानेपानी मन्त्रालय लिएर सरकारमा गएको जनमत पार्टीले भने सरकार छोडेको छ। सय दिनको यो अवधिमा के कस्ता शुभ र अशुभ संकेतहरू देखिए त्यो स्वयं प्रधानमन्त्रीलाई मात्र राम्ररी थाहा हुन सक्छ।

सबभन्दा धेरै मन्त्रालयहरू लिएर एमाले ७० दिन सरकारमा बस्यो। यो अवधिमा एमालेका मन्त्रीहरूले किन केही पनि गरेनन् ? त्यसबेला अर्थमन्त्री रहेका एमाले उपाध्यक्ष विष्णु पौडेल सबभन्दा बढी सय दिन उपलब्धिविहीन भनेर कुर्लिरहेका छन्। उनलाई यस्तो भन्ने छुट छैन। उनले बिग्रिएको अर्थतन्त्र सुधार गर्न प्रयत्न गर्नु पर्दैन्थ्यो ? एमालेका अरु मन्त्रीहरूले जनताका पक्षमा के काम गरे ? यसको जवाफ उनीहरूले दिनु पर्दैन ? प्रधानमन्त्रीलाई मात्र दोष थुपार्नु अनुचित कुरा हो। मन्त्रीहरू भनेका प्रधानमन्त्रीका सारथीहरू हुन्। सय दिनमा एउटा पनि सकारात्मक काम भएन भनेर एमालेले भन्न मिल्दैन। किनकि काम नहुनुमा एमाले पनि उत्तिकै जिम्मेवार छ। आफैंले प्रतिगामी करार गरेका एमाले र राप्रपाको वैशाखी टेकेर प्रधानमन्त्री भएका प्रचण्डलाई आफ्नै गल्ती सुधार्नमै सय दिन बितेको छ। प्रतिगमनको खतरा टार्न भन्दै भावी सरकार गठन गर्ने एजेन्डाका साथ गठबन्धन बनाएर चुनावमा होमिएका पाँच दलहरू सरकार निर्माण गर्ने क्रममा छिन्नभिन्न भए। पाँच दलीय गठबन्धनमध्ये ठूलो दल बनेको कांग्रेसले प्रधानमन्त्री र राष्ट्रपति दुवै नछोड्ने भएपछि प्रचण्ड ओली शरणमा पुगेका थिए। एमालेकै समर्थनमा प्रधानमन्त्री भएपछि प्रचण्डले एमालेका सर्त नमानी सुख थिएन। एमालेले संयन्त्र बनाएर ओलीले प्रचण्डलाई आफूखुसी चटपटाउन दिएनन्।

संसदकै रोस्टममा उभिएर आफूले दुई दुई पटक गरेको संसद विघटनलाई साथ नदिनेहरूलाई ओलीले उल्टै प्रतिगामी करार गरेपछि प्रचण्ड झस्किए। राष्ट्रपति एमालेको हुने अनि अढाई वर्षपछि प्रधानमन्त्री पनि ओली हुने भएपछि फेरि संसद विघटनको खतरा बढ्ने प्रचण्डले सायद महसुस गरे। राष्ट्रपतिमा राष्ट्रिय सहमति भन्दै एमालेलाई राष्ट्रपति नबनाउने उनले रणनीति लिए। पुस २६ गते आफूलाई विश्वासको मत दिएको कांग्रेससँग उनले नयाँ सत्ता गठबन्धन गरे। पुरानो पाँच दलीय गठबन्धन ब्युँतियो र एमाले सरकारबाट बाहिरियो। प्रधानमन्त्री प्रचण्डका सय दिन वरसर परसर सिकर्मीको रन्डा र वल्लोघाट पल्लोघाट गयाको पण्डा जसरी नै बितेको छ।

## सिक्टा...

तीन वर्षपछि २०७९ असार ५ मा विशेषका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यद्वय रमेशकुमार पोखरेल र यमुना भट्टराईको इजलासले प्रतिवादी बनाइएका आरोपित सबैलाई सफाइ दिँदै अख्तियारको दाबी नपुग्ने फैसला सुनाएको थियो। फैसलाको पूर्णपाठ गत फागुनमा मात्रै सार्वजनिक भएको थियो।

सिक्टाको नहर भत्किनुमा विशेष अदालतले 'घुलनशील माटोको दोष' भन्दै आश्चर्यजनक फैसला गरेको थियो। अख्तियारले आयोजना निर्माणको जिम्मा पाएको कालिका कन्स्ट्रक्सन प्रालिका प्रमुख विक्रम पाण्डे र सोही कम्पनीका युवराज भनिने युवबहादुर क्षेत्री, आयोजनाका सल्लाहकार संस्था इआरएमसीका निर्देशक युवराज चौलागाई र संस्थाका प्रतिनिधि हेमनिधि शर्मा र इआरएमसीका टीम लिडर तथा इरगेसन इन्जिनियर अरुणकुमार चौधरीलाई बिगो जरिवाना र कैद सजाय मागदाबी गरेको थियो। त्यस्तै आयोजनाका तत्कालीन निर्देशक दिलिपबहादुर कार्की, सिंचाइ विभागका तत्कालीन महानिर्देशक सरोजचन्द्र पण्डित, सिक्टा सिंचाइ आयोजनाका सिनियर डिभिजन इन्जिनियर सूर्यदेव थापा क्षत्री, योगेन्द्र मिश्र, श्यामबहादुर कार्की र सुशीलचन्द्र देवकोटा, कृष्णप्रसाद सुवेदी, प्रेमराज घिमिरे, वीरसिंह धामी, प्रकाशबहादुर कार्की, मिनराज ढकाल, रविनाथ बाबुश्रेष्ठ, आशिषभद्र खनाल र सुपरिटेन्डिङ इन्जिनियर कमलप्रसाद रेग्मी, योजना निर्देशक सर्वदेवप्रसाद र आयोजना निर्देशक रमेश बस्नेतविरुद्ध पनि बिगो जरिवाना मागदाबी गरिएको थियो।

अख्तियारले पाण्डेविरुद्ध २ अर्ब १३ करोड ७६ लाख ७९ हजार ९ सय २०, चौलागाईंविरुद्ध २ करोड ४० लाख ५५ हजार ८ सय ७२ रूपैयाँ बिगो तथा त्यति नै जरिवाना र कैदसजाय मागदाबी लिएको थियो। अल्प आरोपीलाई पनि फरक फरक बिगो, बिगोबमोजिम जरिवाना र कैद सजाय मागदाबी गरिएको थियो।

बाँकेको ४२ हजार ७ सय ५५ हेक्टर जमिन सिंचाइ गर्न २०६१ मा सिक्टा आयोजना सुरु भएको थियो। यसका लागि पाण्डे सञ्चालक रहेको कालिका कन्स्ट्रक्सनको जेभीले ठेक्का पाएको थियो। करिब १२ वर्ष लगाएर निर्माण गरिएको आयोजना २०७३ मा पानी छोडेर परीक्षण गर्दा मूल नहर नै भत्किएपछि ठेकेदार र सरकारी कर्मचारी (प्राविधिक) विरुद्ध अख्तियारले अनुसन्धान अगाडि बढाएको थियो। त्यस क्रममा ठेकेदार पाण्डे र कर्मचारीको मिलेमतोमा आयोजना सुरु हुनुअगावै डिजाइन निर्माणकै क्रममा बदनियतपूर्ण रूपमा चलखेल भएको तथ्य फेला परेको थियो। झन्डै चौबीस महिनाको अनुसन्धानपछि अख्तियारले २०७५ मंसिर २१ मा विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

ए क्लासका निर्माण व्यवसायी विक्रम पाण्डे राजनीतिमा उदाउनुमा भ्रष्टाचारकै रकमको करामत मानिन्छ। दक्षिणपन्थी राजावादी पार्टी राप्रपाका नेताको पहिचान बनाएका पाण्डे गत आमनिर्वाचनमा चितवनबाट विजयी बनेका थिए। प्रचण्ड नेतृत्वको सरकारमा उनी सहरी विकास मन्त्री भएपछि आफ्नै अपूरा आयोजनाहरूको म्याद बढाउने काम गरेका थिए। राप्रपाले सरकार छाडेपछि पाण्डेले पनि मन्त्रीबाट राजीनामा गरेका थिए।

## निक्षेपको...

डा. महतले यसअघि उद्योगी व्यवसायी, शेयर लगानीकर्तालगायतसँग पनि ब्याजदर, तरलतालगायतका बिषयमा छलफल गरेका थिए। अर्थमन्त्री डा. महतले मात्रै होइन्, प्रधानमन्त्री दाहालले पनि ब्याजदरका बिषयमा चासो राख्दै आएका छन्। प्रधानमन्त्री दाहालले बैंकको ब्याजदर एकल अंकमा ल्याउन पहल भइरहेको सार्वजनिक समारोहमा नै बताउँदै आएका छन्। केही समयअघि मिटर ब्याजपीडितहरूले राजधानीमा आन्दोलन चर्काएका थिए। त्यसबेला पनि प्रधानमन्त्रीले ब्याजदरका बिषयमा निजी क्षेत्रसँग छलफल गरेका थिए। ब्याजदरका बिषयमा प्रधानमन्त्री, अर्थमन्त्रीले मात्र होइन्, निजी क्षेत्रले पनि त्यतिकै चासो देखाउँदै आएका छन्। उद्योगी व्यवसायीले 'ब्याज वृद्धिले बाँच्नै गाह्रो भयो' भन्दै आएका छन्। उनीहरूले फागुनको अन्तिममा चरणबद्ध रूपमा सडक आन्दोलन नै गरेका थिए।

उद्योगी व्यवसायीहरूले अर्थतन्त्र संकटपूर्ण रहेको अवस्थामा बैंकहरूले व्यवसायीहरूमाथि चर्को ब्याज लिएको,कर्जामा ठूलो परिमाणमा प्रिमियम चार्ज लगाएको र कर्जा भुक्तानीको समय समेत नदिएको भन्दै बैंक विरुद्ध सडक संर्घषमा उत्रिन पुगेका थिए। व्यवसायीहरूले अर्थतन्त्रमा आएका समस्याको कारण उद्योगको उत्पादन कमी, रोजगारी कटौती र बजारको मागमा कमी भएको अवस्थामा समेत बैंकले चर्को ब्याजदर लिएको बताउँदै आएका छन्।

ब्याजदर बढेका कारण अर्थतन्त्र चौपट भएपछि चैत महिनाको ब्याज र किस्ता तिर्न समस्या परेको व्यवसायीले गुनासो गर्दै आएका छन्। व्यवसायीहरूले बैंकको ब्याज वृद्धिले भएकाले ब्याजदरमा स्थिरता कायम गर्नु पर्ने, चालु पूँजीकर्जा सम्बन्धी मार्गदर्शन स्थगन गर्नु पर्ने, उच्च सेवा शुल्क बन्द गर्नु पर्ने जस्ता माग राख्दै आएका छन्। ८-९ प्रतिशतमा पाइने ब्याजदर अहिले १५-१६ प्रतिशत पुगेको छ। यस्तो ब्याजदर पुनः एकल अंकमा ल्याउनु पर्ने सुझाव निजी क्षेत्रले नव नियुक्त अर्थमन्त्री डा. महतलाई दिँदै आएका छन्।

बैंकहरूले १ चैत गतेदेखि लागु हुने गरी मुद्दती निक्षेपको ब्याजदर यथावत राख्दै बचतको ब्याजदर घटाएका थिए। फागुनमा बचतमा ६.४२ देखि ८.४२ प्रतिशत ब्याज दिएका बैंकहरूले चैतदेखि ६ देखि ८ प्रतिशत ब्याजदर कायम गर्दै आएका छन्। बैंकहरूले रेमिट्यान्स बचत र मुद्दतीमा भने १ प्रतिशत बिन्दुले थप ब्याजदर दिनुपर्ने राष्ट्र बैंकको व्यवस्था अनुसार सोही ब्याजदर दिँदै आएका छन्।

निक्षेपको ब्याजदर घटेसँगै वैशाखमा बैंकहरूको कर्जाको ब्याजदर पनि घट्ने छ। चैतमा निक्षेपको ब्याजदर घटाएका बैंकहरूले बैशाखमा के गर्लान ? भन्ने छ। प्रधानमन्त्री, अर्थमन्त्री, गभर्नरलगायतले ब्याजदर घटाउनका लागि नीतिगत रूपमा सुधार गर्ने पक्षमा उभिएकाले बैंकको ब्याजदर घटन सक्ने देखिएको छ। तर, अहिलेसम्म बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) हरूको छाता संस्था नेपाल बैंकर्स सघंले भने बैशाखमा ब्याजदर घटाउने, स्थिर राख्ने वा बढाउने भन्ने बारेमा निर्णय भने गरिसकेको छैन्।

अर्कोतिर नेपाल राष्ट्र बैंकले बैंकहरूलाई चैत्र मसान्तसम्म स्प्रेड रेट घटाएर ४.२ प्रतिशतमा झार्न निर्देशन दिएको छ। अहिले बैंकहरूले स्प्रेड दर पनि समायोजन गरेर ४.२ प्रतिशतमा ल्याएका छन्। असारसम्म ४ प्रतिशतमा ल्याउनुपर्ने दबाब छ। जसले कर्जाको ब्याजदर घटाउन थप मद्दत मिल्नेछ।

## आर्थिक...

प्रक्षेपणभन्दा कम हुने गरी आर्थिक बृद्धिको संसोधन गरेको हो। आर्थिक वर्ष सन् २०२४ मा भने पर्यटन क्षेत्रको पुनरारम्भ, विप्रेषण आप्रवाहमा वृद्धि र मौद्रिक नीतिमा क्रमशः गरिने सहजताका कारण वृद्धिदर बढेर ४.९ प्रतिशत पुग्ने अपेक्षा गरिएको छ। यद्यपि परिदृश्यका जोखिमहरू नकारात्मकतातिरै झुकेका छन्। अपेक्षाभन्दा उच्च मुद्रास्फीति, जसले उपभोग र वृद्धिलाई कम गराउनेछ, सरकारी अधिकारीको सम्भावित सरुवाको प्रभाव र मानव पुँजीमा लगानी घटाइएका कारण विशेष गरी महामारीपछिको बेरोजगारीबाट फर्किन बाँकी व्यक्तिहरूबीच बढ्ने असमानता त्यस्ता जोखिम हुन्।

'बाह्य क्षेत्रमा परेको दबाबलाई सम्बोधन गर्न अपनाइएका उपायहरूबीच नेपाली अर्थतन्त्रले आर्थिक वृद्धिमा सुस्तता र सरकारी राजस्वमा कमीजस्ता अनिच्छित परिणामहरूको सामना गर्नुपरेको छ' माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि विश्व बैंकका देशीय निर्देशक फारिस हदाद-जर्भोसले भने,' यसले सरकारको हरित, उत्थानशील र समावेशी विकासका एजेन्डाको महत्वलाई थप उजागर गर्दछ। सरकारले गर्न चाहेको नीतिगत परिवर्तनबारे सर्वसाधारणलाई अग्रिम जानकारी गरियो, समयमै कार्यान्वयनमा गइयो र कार्यान्वयनका क्रममा नीतिहरूमा परिमार्जन गर्दै गईयो भने ती सुधारहरूले उत्कृष्ट नतिजाहरू ल्याउनेछन्।'

यो प्रतिवेदन साउथ एसियन इकोनोमिक फोकस, 'एक्सपान्डिङ अपरच्युनिटिज : टुवार्ड इन्क्लुसिभ ग्रोथ' , को एक सहयोगी अंश हो, जसले सन् २०२३ मा दक्षिण एसियाको क्षेत्रीय वृद्धिदर औसत ५.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ। यो अक्टोबर २०२२ को प्रक्षेपणभन्दा थोरै घटाएर गरिएको संशोधन हो। क्षेत्रीय वृद्धिदर महामारीबाट प्रारम्भिक पुनरुत्थान भएको वर्ष सन् २०२१ को ८.२ प्रतिशतलाई पछ्याउँदै सन् २०२४ मा मध्यम खालको ५.९ प्रतिशत कायम रहने अपेक्षा गरिएको छ।

यो वर्ष दक्षिण एसियामा मुद्रास्फीति ८.९ प्रतिशतमा ओर्लिने र सन् २०२४ मा ७ प्रतिशतभन्दा तल जाने अनुमान छ। यद्यपि कमजोर मुद्राहरू र घरेलु मूल्य समायोजनमा गरिने ढिलाइले मुद्रास्फीतिमा अपेक्षित गिरावटको गतिलाई अझ ढिलो बनाउन योगदान गरिरहेका छन्। खाद्यान्नको मूल्यमा भएको विश्वव्यापी र आन्तरिक वृद्धिले खानेकुराकै लागि आम्दानीको ठूलो अंश खर्च गर्नुपर्ने दक्षिण एसियाका गरिबहरूबीच खाद्य असुरक्षा बढाउन योगदान गरिरहेको पनि प्रतिवेदनले भनेको छ।

पुनरुत्थानबाट दिगो वृद्धिमा जान दक्षिण एसियाले आर्थिक विकास समावेशी भएको सुनिश्चित गर्नु आवश्यक छ। यो क्षेत्र अवसरको असमानता विश्वमै सबैभन्दा बढी भएकामध्येमा पर्छ। दक्षिण एसियामा विद्यमान कुल असमानताको ४० देखि ६० प्रतिशत जन्मेको ठाउँ, पारिवारिक पृष्ठभूमि, जात तथा जातीयता र लिंग जस्ता व्यक्तिको नियन्त्रणबाहिरका परिस्थितिबाट सृजित छन्। अन्तरपुस्ता गतिशीलता पनि विश्वकै सबैभन्दा कम भएको क्षेत्रमध्येमा यो पर्छ। प्रतिवेदनमा प्रकाश पारिएका तथ्यांकले अभिभावकको शैक्षिक स्तर न्यून भएका व्यक्तिमध्ये ९ प्रतिशतभन्दा कम मात्रै माथिल्लो २५ प्रतिशतको शैक्षिक स्तरमा पुगेको देखाइएको छ। यस्ता असमानताहरूले रोजगारी, आम्दानी, उपभोग र कल्याणका पहुँचमा भिन्नताको अवस्थामा पुऱ्याउँछन् र पुनर्वितरण नीतिको आवश्यकता औंल्याउने पनि उल्लेख छ।

## मानार्थ...

मानार्थ सदस्य प्राप्त गर्नेहरूमा टंकबहादुर श्रेष्ठ, सम्झना पोखरेल शाह, दलबहादुर थापा, सिद्धिनारायण महर्जन, सम्झना सिंह शाह तथा बेनीमैया हैंजु हुनुहन्थ्यो। त्यस्तै गरी प्रतिष्ठानसँग आवद्ध भई त्यसको प्रमाणपत्र प्राप्त गर्ने संस्थाहरूमा पद्मोदय माध्यामिक विद्यालय, बालकुमारी माध्यामिक विद्यालय, नयाँ मार्ग टोल सुधार समिति, नीता फाउण्डेसन र युथ आई सर्भिस रहेका थिए।

उक्त अवसरमा मानार्थ सदस्यहरूले प्रतिष्ठानमार्फत सामाजिक सेवामा संलग्न हुने अवसर प्राप्त गरेकोमा खुसी व्यक्त गर्नुभएको थियो भने आवद्ध संस्थाहरूका प्रतिनिधिहरूले प्रतिष्ठानसँगको सहकार्यबाट थोरै भए पनि सकारात्मक परिवर्तन हुने अपेक्षा राख्नुभएको थियो। बैठकको सुरुमा प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले मंसिरदेखि फागुन महिनासम्म प्रतिष्ठानले सम्पन्न गरेका र चैतदेखि असारसम्म सम्पन्न गर्नुपर्ने कार्यहरूको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। प्रतिष्ठानका कार्यकारी परिषद सदस्य तेजेन्द्र प्रसाईंले संस्थाको स्थापनाकालदेखि हालसम्मका उतारचढाबारे छोटो मन्तव्य राख्नुभएको थियो भने उपाध्यक्ष डा. रोशाना श्रेष्ठले सबै सहभागीहरूलाई उपस्थिति र अन्तरक्रियाका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो।

## ट्राफिक...

महानगरपालिकाको ट्राफिक व्यवस्थापन सल्लाहकार जगतमान श्रेष्ठले जानकारी दिए। उनले भने, "यो ठूलो क्षति हो, यसलाई न्यूनीकरण गर्नका लागि कामपाले ट्राफिक जाम कम गर्ने भन्नेबारे अध्ययन गरिरहेको छ।" उक्त समस्या न्यूनीकरणको विषयमा कामपाले अध्ययन गरिरहेको भए पनि यसका लागि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय, यातायात व्यवस्था कार्यालय, सडक विभागसहित सरोकारवालाको सकारात्मक भूमिका रहनुपर्नेमा उहाँले जोड दिए।

ट्राफिक व्यवस्थापन विज्ञ श्रेष्ठले एक वर्षभित्र सवारीको गतिलाई पाँच मिनेट छिटो बनाउने लक्ष्यका साथ काम गरिरहेको पनि जानकारी दिए। सार्वजनिक यातायात सञ्चालन र व्यवस्थापनको इञ्जिनियरिङमा समस्या भएको तथा जिम्मेवारी पालनामा लापरबाही भएकाले अहिलेको अवस्था सिर्जना भएको उनको भनाइ छ। उपत्यकाभित्र सवारी र यातायातलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणले काम थाल्नुपर्ने उनको भनाइ छ। कामपाका प्रमुख अध्यक्ष र ललितपुर महानगरका प्रमुख उपाध्यक्ष रहने प्राधिकरणको काम कारबाही सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न सङ्घीय राजधानी सहरी क्षेत्र सार्वजनिक यातायात परिषद् रहने व्यवस्था छ।

## सिन्धुज्वाला...

कार्यालयमा सिन्धु ज्वाला हाइड्रोपावर कम्पनी दर्ता भएको थियो। यो कम्पनीमा बोर्ड डाइरेक्टरका रूपमा रहेका डा. पोखरेलको अनुहार देखाएर विभिन्न व्यक्तिहरूलाई न्यूनतम १ लाख रूपैयाँ माथिको संस्थापक शेयर बेच्ने काम गरियो। सिन्धुपाल्चोक जिल्लाको अपर नेस्सम खोलामा ४३ मेगावाट विद्युत उत्पादन गर्ने गरी थालिएको प्रोजेक्ट ५ वर्षभित्रै सम्पन्न गरी विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको थियो। तर पैसा बुझाएको झन्डै एक दशक भइसक्दा पनि कम्पनीले कुनै काम गरेको छैन भने पैसा भागबन्डा गरेर खाने ब्वाँसाहरू दुई समूह बनाएर झगडा गरिरहेका छन्।

जनताको पैसा ६० करोड उठाएर यसका सञ्चालकहरूले विभिन्न ठाउँमा घरजग्गा जोडेका छन्। अहिले कोटेश्वर पेरिसडाँडामा रहेको कम्पनीको अफिसमा तालाबन्दी गरेर एउटा समूह (जो चुर्णबहादुर श्रेष्ठको नेतृत्वमा रहेको छ) हिँडिरहेको छ। कम्पनी रजिस्टारको कार्यालयमा आधिकारिक रूपमा रहेको अर्जुन बन्धु रेग्मीको समूह तालाबन्दीमा परेर कर्मचारीसहित चिया पसलमा अड्डा जमाएर बसेको छ।

उता डा. गोविन्द पोखरेल अहिले नेपथ्यमा पुगेका छन्। पहिला पैसा उठाएर भागबन्डा गर्ने बेलामा अग्रसर देखिएका पोखरेल अहिले शेयर होल्डरलाई जवाफ दिनुपर्छ भनेर कतै देखिने गरेका छैनन्। यो कम्पनीले साधारणसभाका बेला प्रभु अधिकारी नामको एकजना भाडाका विद्युत् माफियालाई ल्याएर शेयर होल्डरलाई प्रभावित पार्न लगाउने गरेको थियो। यस आयोजनाका लगानीकर्ताहरूले डा. पोखरेलको आधिकारिक जवाफसमेत पर्खिरहेका छन्।

## शासन...

संविधान आयो। त्यसपछि भारतले ओलीलाई हटाउन दाउपेच खेल्यो। देउवा दोस्रोपटक प्रधानमन्त्री बने। २०५८ मंसिर ८ गते राति देउवा सरकारमै रहेका बेला माओवादीले फेरि देशमा आतंक फैलायो। त्यसबेला देउवाले संकटकाल लगाए। तत्कालीन राजा ज्ञानेन्द्र शाहले आफैं बनाएका प्रधानमन्त्री देउवालाई अक्षम भन्दै निकाले। २०५९ असोज २५ गते राप्रपा नेता लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाए। त्यसको एक वर्षपछि चन्दलाई निकालेर थापालाई २०६० असोज २१ मा प्रधानमन्त्री बनाए। कांग्रेस, एमालेलगायत सात दल संघर्षमा उत्रिए। चन्द र थापाबाट पनि पार नलागेपछि अक्षम भनिएका देउवालाई पुनः राजाले प्रधानमन्त्री बनाए। एमाले पनि सरकारमा गयो। २०६१ जेठ २० मा देउवा नेतृत्वको प्रजातान्त्रिक कांग्रेस र एमालेको संयुक्त सरकार बन्यो। शाही शासनको एमालेसहितको देउवा सरकारबाट मुलुकको अवस्थामा सुधार आएन। त्यसपछि तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०६१ माघ १९ गते शाही शासनको घोषणा गरे। त्यसपछि कांग्रेस, एमाले, सद्भावनालगायत सात दलको शान्तिपूर्ण आन्दोलन र सशस्त्र द्वन्द्व चर्किंदै गयो।

सात दल माओवादी मिलेर भारतको दिल्लीमा १२ बुँदे सम्झौता गरे। त्यसपछि राजनीतिले नयाँ मोड लियो। राजतन्त्रविरुद्ध नै उनीहरू एकजुट भए। २०६२/६३ मा १९ दिन लामो जनआन्दोलन भयो। २०६३ वैशाख ११ मा लोकतन्त्र स्थापना भयो। त्यसपछि गणतन्त्र आयो। राजतन्त्र अन्त्य भयो। २०६३ वैशाख १२ मा कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नै अन्तरिम सरकार बन्यो। २०६३ माघ १ मा अन्तरिम संविधान जारी भयो। २०६३ मंसिर ५ मा २०६४ जेठ महिनाभित्र संविधानसभा चुनाव सम्पन्न गर्ने प्रतिबद्धतासहित सरकार र माओवादीबीच शान्ति सम्झौता भयो।

संविधानसभा चुनाव तोकिएको समयमा नभएपछि २०६४ चैत २८ गते भयो। माओवादी सबैभन्दा ठूलो दल बन्यो। सबैभन्दा ठूलो पार्टीको हैसियतमा पुष्पकमल दाहाल प्रधानमन्त्री बने। दाहाल लामो समय सरकारमा टिकेनन्। २०६६ जेठ ११ गते कांग्रेस, मधेस केन्द्रित दलसहितको समर्थनमा एमाले नेता माधवकुमार नेपाल प्रधानमन्त्री बने। एमालेका तत्कालीन अध्यक्ष झलनाथ खनाल २०६७ माघ २३ गते माओवादी समर्थनमा प्रधानमन्त्री बने। त्यो सरकारलाई भारतले स्वीकार गरेन। ८ महिना पनि नपुग्दै ढल्यो। २०६८ भदौ १२ मा माओवादीकै तत्कालीन नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री बने। पहिलो र दोस्रो संविधानसभा गरी ६ वर्षको अन्तरालमा पाँचपटक सरकार परिवर्तन भयो। तत्कालीन प्रधानध्यायाधीश खिलराज रेग्मी मन्त्रिपरिषद् अध्यक्ष बने। यहाँ अर्को विकृति, विसंगति सुरुवात भएको हो। २०७० सालमा रेग्मीले नै दोस्रो संविधानसभाको निर्वाचन गरे।

कांग्रेस ठूलो दल बन्यो। एमाले दोस्रो र माओवादी तेस्रोमा झरे। त्यतिखेर संविधान बनाउने भन्दै पहिलो र दोस्रो ठूलो कांग्रेस एमालेको संयुक्त सरकार बन्यो। संविधान बनाउँदासम्म कांग्रेस, संविधान बनेपछि एमालेले नेतृत्व गर्ने सहमति भयो। संविधान नबनुजेलका लागि भनेर राष्ट्रपति परिवर्तन गरिएन। त्यही सहमतिको आधारमा कांग्रेसका तत्कालिन सभापति सुशील कोइराला प्रधानमन्त्री बने।

२०७२ असोज ३ मा संविधान जारी भयो। भारतले केही समय संविधान जारी नगर्न आग्रह गरेको थियो। तर, एमाले अध्यक्ष केपी शर्मा ओलीको अडानका कारण तोकिएकै समय संविधान आयो। त्यसपछि भारतले पूर्व सहमतिअनुसार ओलीलाई प्रधानमन्त्री बन्न रोक्ने प्रयास गऱ्यो। कोइरालाले पनि ओलीलाई पूर्वसहमतिअनुसार सरकार हस्तान्तरण गर्न मानेनन्। त्यसपछि एमाले र माओवादीको गठबन्धन बन्यो। प्रधानमन्त्री बने ओली।

ओली नेतृत्वको सरकार ढाल्न भारत लाग्यो र ९ महिनामा ढल्यो। फेरि कांग्रेस र माओवादीको गठबन्धन बन्यो। २०७३ साउन १९ मा माओवादी अध्यक्ष दाहाल दोस्रोपटक प्रधानमन्त्री भए। २०७४ जेठ २४ मा चौथोपटक देउवा प्रधानमन्त्री बने। एमाले अध्यक्ष केपी शर्मा ओली २०७४ फागुन ३ मा प्रधानमन्त्री भए। २०७५ जेठ ३ मा गएर एमाले र माओवादी केन्द्र एकीकरण भएर नेकपा बन्यो। अन्तरद्वन्द्वका कारण ओलीले २०७७ पुस ५ मा प्रतिनिधिसभा विघटन गरे। त्यो विघटन फागुन ११ मा सर्वोच्चले उल्टयाइदियो। पार्टी भित्रैबाट अन्तर्घात भएपछि २०७८ वैशाख २७ मा विश्वासको मत लिने क्रममा ओली सरकार ढल्यो। पुन : २०७८ वैशाख ३० संविधानको धारा ७६ को दफा ३ बमोजिम ओली प्रधानमन्त्री भए।

ओली २०७८ जेठ ७ मध्यरातमा दोस्रोपटक प्रतिनिधिसभा विघटन गरे। सर्वोच्चले २०७८ असार २८ मा देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गऱ्यो। २०७८ असार २९ मा देउवा प्रधानमन्त्री भए। देउवा र दाहाल दुवैले प्रधानमन्त्री पहिला हुने अडान छोडेनन्। दाहाल पुस १० मा एकाएक ओली निवास बालकोट पुगे। त्यही सातदलीय गठबन्धन बनाएर उनी प्रधानमन्त्री भए, एमालेलाई राष्ट्रपति दिने सहमति गरे। आफू प्रधानमन्त्री हुनकै लागि उनले सहमति गरेका रहेछन्। अन्ततः दाहाल र ओलीबीच सहमति भंग भयो। प्रधानमन्त्री हुँदा सहमतिविपरीत दाहालले कांग्रेस नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाए। त्यसपछि एमाले, राप्रपाले समर्थन फिर्ता लिए। प्रधानमन्त्री भएपछि नै दाहालले दुईपटक विश्वासको मत लिएका छन्। चैत ६ मा दाहालले दोस्रोपटक विश्वासको मत लिएका थिए। करिब १ सय दिनसम्म दाहालले १६ मन्त्रालय आफैं समालिरहेका छन्। मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन्। यो सरकारमा १० दल छन्। भागबन्डा मिलाउन नै सकस भएको छ।

## ओमिक्रोन...

क्षति भएका देशहरूले कोरोनाबाट मृत्यु हुनेहरूको एकिन तथ्यांक नै उपलब्ध गराएनन्।

कोरोनाको खोपको आविष्कार भइसकेपछि पनि खोप नेपालमा आउन लामै समय लाग्यो। पहिलो र दोस्रो खोप लगाइसकेपछि भने जनजीवन आश्वस्त बन्यो। जनसंख्याको झन्डै ८० प्रतिशतले पहिलो र दोस्रो खोप लगाइसकेका छन् भने ४० प्रतिशतले तेस्रो खोप र १.६ प्रतिशतले चौथो खोपसमेत लगाइसकेका छन्। कोरोना संक्रमणको वृद्धिदर घटेसँगै सबैको ध्यान त्यसबाट हट्दै गयो। मानिसहरूले स्वास्थ्य सतर्कताका मापदण्ड पालना गर्न छोडे। यहाँसम्म कि मास्क समेतको प्रयोग घट्दै गयो। खोप लगाउनेहरू त ढुक्क हुने नै भए लगाउन नपाएकाहरू पनि आफ्नो दैनिकीतिर मोडिए। कतिपयले आफैंले खोप लगाउन मानेका छैनन् भने कतिपयले त अझै खोप लगाउन पाएका छैनन्। मान्छे संक्रमित हुने मर्ने समाचार आउन छाडेपछि मानिसहरूको ध्यान कोरोनातिर जान छोड्यो। पैसा, व्यवसाय गरेर जीविका गर्नेतिर आम नागरिकको ध्यान जानु अस्वाभाविक पनि होइन।

अहिले फेरि कोरोनाको नयाँ भेरिएन्ट फैलिन थालेको छ। यो सामान्य अवस्था बिल्कुलै होइन। परीक्षण नगराएकाहरूमा पनि कोरोना संक्रमण हुन सक्छ नहुने कुरो भएन। परीक्षण गराएकामध्ये धेरैमा नयाँ भेरिएन्ट एक्स बीबी १.१६ पुष्टि हुनुले फेरि हामीलाई झस्काएको छ। कोरोनाकालका विगत दिनहरूको सम्झना ताजा बनाइरहेको छ। संक्रमण दर यसरी नै बढ्दै गयो भने पुनः पहिलेको संख्यामा पुग्न धेरै समय लाग्ने छैन। भय कम गराउने एउटा आधार खोप भएको छ भन्ने सबैको मनोविज्ञान हो। तर खोप नलगाएका वा पहिलो मात्र लगाएकाहरूलाई संक्रमण भए तिनीहरूको संरक्षण गर्न पहिले जत्तिकै चुनौती हुने कुरा निर्विवाद छ। मानिसहरूले सुरक्षा सतर्कता अपनाउन छोडेका छन्। कोरोनाको कवच मानिने मास्क र सेनिटाइजरको प्रयोग विरलैले मात्र गरिरहेका छन्। हात मिलाउने प्रवृत्ति पनि पहिलेजस्तै व्यापक भएको छ, दूरी कायम गर्ने कुरा त लगभग हराइ नै सकेको छ। यस अवस्थामा कोरोनाको फैलँदो संक्रमणलाई ध्यान दिएर सावधानीका उपायहरू अवलम्बन गर्न जरुरी छ। मौसमी फ्लु र कोरोनाको लक्षण उस्तै भएका कारण कोरोनाले व्यापक रूप लिन सक्ने सम्भावना बलशाली छ। अतः सामान्य रुघाखोकी र ज्वरो आए पनि त्यसको परीक्षण गर्न पछि पर्नु हुन्न। सरकारले बुस्टर डोज अभियान चलाइरहेको छ, खोप लिन सबैले जरुरी छ।